म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ९६ शनिबार १ मंसिर २०८१ ने. सं. ११४५ कछलागा 16 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गहना चोरी गर्ने र खरिद गर्ने पक्राउ

हेटौंडा, ३० कात्तिक/चोरीका गरगहनासहित मकवानपुर प्रहरीले हेटौंडाबाट बिहीबार दुईजनालाई पक्राउ गरेको छ । प्रहरीले हेटौंडा-७ कमाने बस्ने वर्ष ४२ को सन्तोष अधिकारीको घरबाट सुनको गरगहना, मोवाइल र नगद चोरी गर्ने दुईजनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा हेटौंडा उपमहानगरपालिका-१५ घरभई हाल हेटौंडा-४, भैरवरोडस्थितमा डेरागरी बस्ने २४ वर्षीय मनोज पुलामीमगर र हेटौंडा-७, नागस्वती बस्ने २५ वर्षीय धीरज विश्वकर्मा रहेको मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता श्यामु अर्यालले जानकारी दिए । प्रवक्ता अर्यालका अनुसार, गत कात्तिक ७ गते अधिकारीको घरबाट गरगहना, नगद र मोवाइल हगारएको घटनामा खोजतलास गर्दा मनोजलाई फेला पारी सोधपुछ गरिएको थियो । सोधपुछको क्रममा चोरी भएको गरगहनामध्ये केही सुन धीरजलाई बिक्री गरेको भनि खुल्न आएपनि निजहरुलाई हिजो कात्तिक २९ गते पक्राउ गरिएको हो । प्रहरीले उनीहरुको साथबाट सुन ३.५ तोला र चाँदी ५ तोला, एक थान मोवाइल बरामद गरेको प्रहरी नायवउपरीक्षक अर्यालले बताए ।

# जलवायु परिवर्तनको असर न्यूनीकरणमा 'बेकामे' बागमती सरकार

भानुभक्त आचार्य

हेटौंडा, ३० कात्तिक/ जलवायु परिवर्तनको असर न्यूनीकरण र रोकथाममा बागमती प्रदेश सरकार 'बेकामे' बनेको आरोप लागेको छ ।



जलवायु परिवर्तनको असरबाट उत्पन्न विपदजन्यलगायत घटना बढिरहँदा पनि प्रदेश सरकार त्यसको न्यूनीकरण र रोकथाममा अगाडि नबढेको सरोकारवालाले गुनासो गरेका छन् । शुक्रबार हेटौंडामा संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी)को सहकार्यमा जनपत्र मिडिया प्रालिद्वारा आरोजित जलवायु परिवर्तका कारण बागमती प्रदेशमा परेको असरबारे अन्तरक्रियामा सहभागीले प्रदेश सरकारले जलवायु परिवर्तनको क्षेत्रमा काम गर्न नसकेको बताएका हुन् ।

कुनैपनि निश्चित स्थानको लामो समयसम्मको औसत मौसमी अवस्थामा दीर्घकालीन परिवर्तन आउनुलाई जलवायु परिवर्तन भनिन्छ । पछिल्लो वर्षमा औसत मौसमी अवस्थामा आएको परिर्वतनले बागमती प्रदेशमा विपदजन्य घटनामा वृद्धि भइरहेको छ । यसैवर्ष गत असोजमा भिषणवर्षाका कारण आएको बाढीपहिरोले बागमती प्रदेशका मक्वानपुर, काभ्रे, ललितपुर, काठमाडौं, सिन्धुलीलगायत जिल्लामा धेरै क्षति पुऱ्यायो ।

यी जिल्लामा ठूलो जनधनको क्षति हुँदा पनि प्रदेश सरकारले उद्दार र राहतमा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको सरोकारवालाले बताए । बागमतीमा गत असोज दोस्रो साताको विपदबाट कुल २५० वटा घटना भएकोमा ५ हजार ३ सय ३२ परिवार प्रभावित बनेको थियो । २२० जनाको मृत्यु, १४ जना बेपत्ता, १६९ जना घाइते, १ हजार ७ सय ९२ घरमा पूर्णक्षति भएको प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जानकारी दिएको छ । कानुन मन्त्रालयले यो तथ्यांक केन्द्रीय सरकारसँग सापटी लिएको हो ।

विपद् हेर्ने क्षेत्राधिकार भएको प्रदेशको कानुन मन्त्रालयसँग प्रदेशभर भएको क्षतिको पूर्ण विवरण छैन । तथ्यांकसमेत संकलन गर्न नसक्ने प्रदेश सरकारले जलवायु परिवर्तनको क्षेत्रमा काम गर्छ भनेर सोच्न सकिने अवस्था नरहेको सरोकारवाला बताउँछन् । जलवायु परिवर्तनका कारण जीवन तथा जीविकोपार्जनमाथि नै खतरा पैदा भएको उनीहरुको गुनासो छ ।

अन्तरक्रियाका प्रमुखवक्ता बागमती प्रदेशसभाको उद्योग, पर्यटन तथा वातावरण समिति सभापति आनन्दकुमार श्रेष्ठ प्रदेश सरकारले जलवायु परिवर्तनको क्षेत्रमा काम गर्न नसकेको बताउँछन् । प्रदेश सरकारसँग वातावरणक्षेत्र हेर्ने कार्यालय र कर्मचारीसमेत नभएको बताउँदै वातावरणक्षेत्रका जनशक्ति व्यवस्थापनका लागि समितिले सरकारलाई निर्देशन दिएको उनले बताए । जलवायु परिवर्तनको रोकथाम र न्यूनीकरणका लागि तीन तहका सरकारबीच समन्वय अभाव भएको र स्थानीय तहले जलवायु परिवर्तनका क्षेत्रमा काम गर्न नसकेको उनको भनाई छ ।

प्राकृतिक प्रकोपको सबैभन्दा बढी प्रभाव गरिब र विपन्न वर्गलाई परेको भन्दै उनले जलवायु परिवर्तनको न्यूनीकरणबाट यसको समाधान निकाल्नुको उपाय नभएको धारणा राखे । बागमती प्रदेशसभा सदस्य तथा पूर्वसामाजिक विकास मन्त्री कुमारी मोक्तानले बागमती प्रदेशमा जलवायु परिवर्तन लक्षित कुनन नै बन्न नसकेको बताइन् । वातावरणक्षेत्रका विज्ञता, कार्यालय नै प्रदेशमा नरहेको उनको भनाई छ । कृषिक्षेत्रको उत्पादन घटेकाले जलवायु परिवर्तनबाट भयावहको स्थिति उत्पन्न भएको, विषादिको प्रयोगका कारण कृषिउत्पादन धेरै हुने क्षेत्रका किसानमा क्यान्सर रोग लागेको मोक्तानले बताइन् । जलवायु परिवर्तनका असरसँगै मानवीय त्रुटीलाई सँगैसँगै रोकथामको नीति लिएर राज्य अगाडि बढ्नु पर्छ ।

गैरसरकारी संस्था महासंघ मकवानपुर अध्यक्ष रमिला सापकोटाले बागमती प्रदेशमा जलवायु परिवर्तनको असर डर लाग्दो रुपमा रहेको बताइन् । गैसस महासंघ मकवानपुरले जिल्लाका अधिकांश स्थानीय तहमा जलवायु परिवर्तनको क्षेत्रमा काम गर्नेगरी नीति बनाउन पहल गरेको उनको दाबी छ । बागमती प्रदेशलाई हरित प्रदेश घोषणा गर्ने सरकारको घोषणा कागजमै सीमित बनेको, जलवायु परिवर्तनको असर न्यूनीकरणका क्षेत्रमा काम गर्न नसकेको र बिनियोजित बजेट परिचालनमा पनि कमजोर देखिएको उनले बताइन् ।

माझी राष्ट्रिय मुक्तिमोर्चा नेपालकी महासचिव लक्ष्मी माझीले खोलाकिनारमा बसोबास गर्दै आइरहेको माझी समुदायको पानीको स्रोत सुकेका कारण जीवनयापनमै समस्या भइरहेको बताइन् । बागमती नदीको कालो पानी खानुपर्ने बाध्यतामा माझी समुदाय रहेको छ । जोखिमपूर्ण जीवन बिताउँदै आएका नागरिको संरक्षणमा पनि राज्यले ध्यान दिनुपर्ने उनको धारणा छ । हिमराइट्स मकवानपुर संयोजक कुमारी वाइबाले जलवायु परिवर्तनको रोकथाम र न्यूनीकरणका लागि तीन तहको सरकारको समन्वय आवश्यक रहेको बताइन् । राष्ट्रिय कृषक समूह महासंघ बागमती प्रदेश सचिव दीपक पुडासैनी धुँवा, धूलो, ग्यास र प्लाष्टिकजन्यपदार्थको प्रयोग घटाएर जलवायु परिवर्तनको असर न्यूनीकरणको लागि सहरमा मात्रै केन्द्रित नगरी ग्रामीणक्षेत्रमा पनि क्रियाकलाप गनुपर्ने बताउँछन् ।

सामुदायिक वन उपभोक्ता महासंघ बागमती प्रदेश कोषाध्यक्ष नानीमैया रुम्बाले विकासको नाममा भइरहेको विनाश रोक्न आग्रह गरिन् । जंगली जनावर रमानवबीचको द्वन्द्व बढेकाले यी दुवैको संरक्षणका लागि राज्यले उपयुक्त नीति अबलम्बन गर्नुपर्ने उनको भनाई छ । चालिसे कृषक समूह हेटौंडा-१७ राजदेवीका अध्यक्ष अर्जुनप्रसाद घिमिरेले जलवायु परिवर्तनका कारण खोलानालामा पानी सुक्दै जानुले सिंचाईमा समस्या र जंगली जनावर मानवबस्ती र खेतीयोग्य जग्गामा आइपुग्नुले ठूलो नोक्सानी किसानले व्यहोर्नु परेको बताउँछन् ।

मनहरीका किसानसमेत रहेका कृषक समूह महासंघ मकवानपुर संयोजक गोविन्द पौडेलले राज्यले जलवायु परिवर्तनका कारणको साना-साना समस्यामा ध्यानदिन नसकेको सुनाए । कृषिउत्पादनमा विषादिको प्रयोग र प्लाष्टिकको प्रयोग घटाउन सके जलवायु परिवर्तनको असर कम गर्न सकिने उनको सुझाव छ । कार्यक्रममा डिभिजन वन कार्यालय मकवानपुरका अधिकृत राधिका शर्माले जलवायु परिवर्तनका कारण समाजमा परेको असर र आगामी दिनमा हुने समस्याका विषयमा प्रस्तुतिकरण गरेकी थिइन् ।

# महिला प्रहरीलाई स्तन तथा पाठेघरको क्यान्सरबारे सचेतना



साझाकुरा संवाददाता

हेटौंडा, ३० कात्तिक/ नेपाल अर्बुद रोग निबारण संस्था मकवानपुर शाखाको आयोजना र जिल्ला प्रहरी कार्यालय मकबानपुरको समन्वयमा सामुदायिक प्रहरी सेवाकेन्द्र थानाभऱ्याङमा महिला प्रहरीलाई लक्षित गरी स्तन तथा पाठेघरको मुखको क्यान्सरबारे सचेतना भएको छ ।

सस्थाका अध्यक्ष माधब अधिकारीको सभाध्यक्षता, जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक बिश्वराज खड्काको प्रमुख आतिथ्यता, हेटौंडा उपमहानगर पालिका-११ की वडाध्यक्ष जुना दाहालको बिशिष्ट आतिथ्यता रहेको थियो । नेपाल अर्बुद रोग निबारण संस्थाको केन्द्रीय उपमहासचिव प्रकाश खतिवडा, बागमती प्रदेश संयोजक गणेश कोइरालाको बिशेष आतिथ्यता, संस्थाको सस्थापक अध्यक्ष एवम् पूर्वकेन्द्रीय उपाध्यक्ष कपिला जोशी, संस्थाको कार्यसमितिसदस्य पुरुषोत्तम पौडेल, मेलमिलाप संयोजक शर्मिला अधिकारी, महिला स्वास्थ्यस्वयंसेबिका बिजया अधिकारीलगायत ३५ जनाको सहभागिता रहको थियो ।

कार्यक्रममा स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सरको बारेमा संस्थाको सस्थापक अध्यक्ष एवम् पूर्वकेन्द्रीय उपाध्यक्ष कपिला जोशीले सहजीकरण गरेकी थिइन् । प्रहरीउपरीक्षक खड्काले प्रहरी महिलालाई स्तन र पाठेघरको मुखको क्यान्सरको बारेमा सचेत गराई यो रोग लाग्नबाट बच्न अपनाउनु पर्ने सावधानीको बारेमा जनकारी गराउँदै यस्तो रोग लागेमा सयममै उपचार गरेमा निको हुन्छ भन्ने सन्देश प्रवाह गरेकोमा अर्बुद रोग निबारण संस्थालाई हार्दिक धन्यवाद ज्ञापन गरेका थिए ।

हेटौडा-११ की वडाध्यक्ष दाहालले नेपालमा बढ्दोरुपमा देखिएको क्यान्सर जस्तो भयाबह रोगको सचेतनाको लागि सहकार्य गर्न वडा कार्यालय तयार रहको बताउँदै क्यान्यसरबारे सचेतना कार्यक्रम विद्यालय र टोल विकास संस्था लक्षित गर्न आग्रह गरिन् । संस्थाको केन्द्रीय उपमहासचिव खतिवडाले महिलालाई स्तन परीक्षण गराउन सिकाउने र पाठेघरको मुखको क्यान्सर के कारणले हुन्छ ? त्यसबाट बच्न अपनाउनु पर्ने बिधि सिकाई महिलालाई क्यान्सरमुक्त गराउने अभियानस्वरुप कार्यक्रम भएको बताए ।

बागमती प्रदेश संयोजक कोईरालाले आहारबिहार र ब्यबहारमा सकारात्मक परिबर्तन गरेर, सचेत भएर जीबन निर्बाह गरेमा क्यान्सर लाग्नबाट जोगिन्छ भन्दै यस्ता सचेतनामुलक कार्यक्रम नियमित रुपमा गर्नुपर्ने बताए । संस्थाका अध्यक्ष अधिकारीले कार्यक्रममा जिल्ला प्रहरी कार्यालयबाट सहकार्य भएकोमा धन्यबाद दिंदै यस्ता किसिमको सचेतनाले क्यान्सर लाग्नबाट जोगाउने बताए । स्थानीय सरकारले क्यान्सरको बारेमा सचेतना जागृत गर्ने खालका कार्यक्रममा सस्थासँग सहकार्य गरी संचालन गर्न आग्रह गर्दै रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्न नदिने उपाय गर्न आग्रह गरे ।

# थोरै लगानीमा गर्न सकिने ड्रागन खेती



साझाकुरा संवाददाता

हेटौंडा, ३० कात्तिक/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका, मकवानपुरगढी, मनहरी गाउँपालिकामा 'ड्रागन फ्रुट' खेतीमा किसानको आकर्षण बढ्दै गएको छ । किसानले खेत, बारी भाडामा लिएर पनि यसको खेती गर्न थालेका छन् । मकवानपुरगढी गाउँपालिकाको धादिङ, ज्यामिरे, डुम्रेकुनालगायतका क्षेत्र, हेटौंडा उपमहानगरपालिकाको पदमपोखरी, हटियालगायतका क्षेत्र, मनहरी, हाँडीखोलामा यसको खेती गर्ने किसानहरु बढेका छन् ।

पहिला ड्रागनका फाइदासहित यसका बारेमा जानकारी नहुँदा खेतीप्रति आकर्षण नभएको बताउँदै पछिल्लो समय सामाजिक सञ्जाल युट्युब हेरेर जानकारी पाएपछि व्यावसायिक खेती विस्तार गर्नेहरु बढेका छन् । 'सुरुमा खेती गर्दा गाउँलेले यो सिउँडी जस्तो के खेती गरेको ? भनेर आलोचना पनि गरे । पहिलो उत्पादन गाउँलेलाई चखाएपछि उहाँहरुले पनि खेतीप्रति चासो देखाउन थालेको मकवानपुर गढी-५ ज्यामिरेका नबराज हुमागाईले बताए । अहिले हेटौंडा बजारमा 'ड्रागन फ्रुट'को माग पनि निकै बढेको छ ।

वर्षमा ५ पटकसम्म उत्पादन दिने यो फल स्वादिलो हुनुका साथै पर्याप्त पौष्टिकतत्व पनि पाइने भएकाले अन्तर्राष्ट्रिय बजारबाट यसको माग बढी छ । अहिले स्थानीय क्षेत्रमा पनि यसको माग पहिलेको तुलनामा बढेको किसानहरु बताउँछन् । यो फल बिरामीका लागि उपयुक्त हुने चिकित्सकहरुले बताएका छन् । प्रशस्त उत्पादन भए बजारीकरणको समस्या नआउँने हाँडीखोलका किसान सरस्वती पाठक्ले बताइन् । यो फल एकपटक लगाइसकेपछि २० औं वर्षसम्म ढुक्क हुने र यसलाई धेरै मेहनत नगरी आम्दानी लिन सकिने भएकाले आफू खेतीतर्फ आकर्षित भएको पाठक बताउँछिन् ।

# हेटौंडा-१२ मा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना

साझाकुरा संवाददाता

हेटौंडा, ३० कात्तिक/ हेटौंडा उपमहानगरपालिका-१२ मा आगामी मंसिर १६ गते हुने स्थानीय तहको उपनिर्वाचनका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ ।




बुधवार स्थापना गरिएको निर्वाचन कार्यालयले १२ नम्बर वडाको वडाअध्यक्ष चयनका लागि हुने निर्वाचन सञ्चालन गर्नेछ । मुख्य निर्वाचन अधिकृत अवानी मैनाली भट्टराईले वडा कार्यालय भवनमा बोर्ड राख्दै कार्यालय स्थापना भएको घोषणा गरिन् । जिल्ला समन्वय समिति प्रमुख ललित घलान, हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामा, प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाल, जिल्ला सुरक्षा निकायका प्रमुख लगायतको उपस्थिति रहेको थियो ।

गत स्थानीय तह निर्वाचनमा यस वडाबाट नेकपा माओवादी केन्द्रबाट अध्यक्ष पदमा विजयी ललितबहादुर घलान जिल्ला समन्वय समितिका प्रमुखमा निर्वाचित भएसँगै अध्यक्ष पद रिक्त रहेको थियो । निर्वाचन आयोगले निर्धारण गरेको निर्वाचन कार्यतालिका अनुसार मंसिर २ गते आइतबार उम्मेदवारको मनोनयन दर्ता, उम्मेदवारको सूचि प्रकाशन, ३ गते उम्मेदवारको विरोधमा उजुरी, उजुरीउपर जाँचबुझ र निर्णय सार्वजनिक गरिने छ ।

यस्तै ४ गते उम्मेदवारको नामावली प्रकाशन, ५ गते उम्मेदवारको नाम फिर्ता, अन्तिम नामावली प्रकाशन र उम्मेदवारलाई चुनावचिन्ह प्रदान गर्ने तालिका रहेको छ । आयोगले उपलब्ध गराएको तथ्यांक अनुसार यस वडामा ४ हजार ४२८ जना पुरुष र ३ हजार ६२५ जना महिला गरी कुल ८ हजार ५३ मतदाता रहेका छन् । उपचुनावका लागि वडामा दुई स्थानमा मतदान केन्द्र स्थापना गरिएको छ । प्रतिभा आधारभूत विद्यालय सिग्रेनीमा ५ वटा बुथ रहने छ भने विष्णुज्योति आधारभूत विद्यालय भोर्लेमा ४ रहने बागमती प्रदेश निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

## विज्ञान/प्रविधि

# इन्टरनेट प्रयोग गर्नुहुन्छ ? यी ५ काम अवश्य गर्नुहोस्

स्टाटिस्टाको पछिल्लो रिपोर्ट अनुसार विश्वमा इन्टरनेट प्रयोगकर्ताको संख्या ५ अर्ब २२ करोड रहेको छ । जस अनुसार विश्वमा हरेक १०० सय जनामा करिब ६८ जनाले इन्टरनेट चलाउँछन् । यी मध्ये ५ अर्ब २२ करोड चाहिँ सोसल मिडिया प्रयोगकर्ता रहेका छन् ।

वास्तवमा इन्टरनेट आधुनिक सूचना समाजको आधारभूत स्तम्भ मात्र बनेको छैन हाम्रो जीवनको अभिन्न हिस्सा बनिसकेको छ । तर, इन्टरनेट जति सहज र फाइदाजनक छ उत्ति नै खतरनाक पनि छ ।

इन्टरनेटमा गरिएको एउटा सानो गल्ती वा असावधानीले हाम्रो पूरै जिन्दगी नै बर्बाद गरिदिन सक्दछ । त्यसैले इन्टरनेटको सुरक्षित प्रयोग गर्न र त्यसबाट अधिकाधिक रुपमा सकारात्मक लाभ लिनका लागि हरेक इन्टरनेट प्रयोगकर्ताले यी ५ वटा अत्यावश्यक काम गर्नैपर्दछ :



**पासवर्ड म्यानेजरको प्रयोग गर्नुहोस्**

आफ्नो अनलाइन सुरक्षालाई बलियो बनाउनका लागि पासवर्ड म्यानेजरको प्रयोग गर्नुहोस् । यसले तपाईंलाई सुरक्षित तथा जटिल पासवर्ड सिर्जना गर्नका लागि सहयोग पुऱ्याउँछ र सबै पासवर्डलाई सुरक्षित तरिकाले स्टोर गर्दछ । यसबाट तपाईंले हरेक अकाउन्टका लागि फरक-फरक पासवर्ड सम्झिनुपर्ने चिन्ता हुँदैन ।

**टू फ्याक्टर अथेन्टिकेसन सक्रिय बनाउनुहोस्**

आफ्ना सबै महत्वपूर्ण अनलाइन अकाउन्टहरुमा टू फ्याक्टर अथेन्टिकेसन फिचर सक्रिय बनाउनुहोस् । यो एक अतिरिक्त सुरक्षा तह हो, जसले कुनै पनि अनधिकृत पहुँच रोक्नमा सहयोग गर्दछ, चाहे तपाईंको पासवर्ड चोरी नै किन नहोस् ।

**क्लाउड स्टोरेजमा डाटा ब्याकअप गर्नुहोस्**

आफ्ना महत्वपूर्ण डेटाको ब्याकअप नियमित रुपमा क्लाउड स्टोरेजमा गर्नुहोस् । यसका लागि तपाईंले गुगल ड्राइभ, वन ड्राइभ वा आइक्लाउड जस्ता नि:शुल्क क्लाउड स्टोरेजको प्रयोग गर्न सक्नुहुन्छ । यसले तपाइँका डेटालाई सुरक्षित राख्दछ र आफ्नो अकाउन्ट लगइन भएका कुनपनि डिभाइसबाट ती डेटा प्रयोग गर्ने सुविधा प्रदान गर्दछ ।

**ब्राउजर एक्सटेन्सनको स्मार्ट प्रयोग**

ब्राउजर एक्सटेन्सनहरु जस्तै एड ब्लकर तथा पासवर्ड म्यानेजर इन्स्टल गर्नुहोस् जसले तपाईंको ब्राउजिंग अनुभवलाई सुरक्षित तथा सजिलो बनाउँछ । यद्यपि केवल त्यही एक्सटेन्सनको मात्रै प्रयोग गर्नुहोस् जुन विश्वासयोग्य हुन्छ र आवश्यक हुन्छ ।

**स्पाम तथा फिसिंगदेखि सावधान**

अज्ञात इमेल वा मेसेजका लिंकमा क्लिक नगर्नुहोस् र कसैसँग पनि निजी जानकारी शेयर नगर्नुहोस् ।

फिसिंग आक्रमणबाट बँच्नका लागि इमेलको स्रोतको जाँच गर्नुहोस् अनि बैंकिङ, सोसल मिडिया जस्ता अकाउन्टहरुमा हुनसक्ने कुनै पनि संदिग्ध गतिविधिमा नजर राख्नुहोस् ।

## यौन स्वास्थ्य

# शुक्रकीटको मात्रा निरन्तर घट्नुका चार कारण

पुरुषको वीर्यमा हुने शुक्रकीटको औसत मात्रा विगत ५० वर्षमा ५१% ले घटेको बताइएको छ । इजरेलस्थित हीब्रू विश्वविद्यालय तथा अमेरिकाको माउन्ट साइनाई स्कूल अफ मेडिसिनले हालै गरेको अनुसन्धानबाट प्रकाशमा आएको यो एक प्रमुख तथ्य हो । अनुसन्धानकर्ताहरूका अनुसार सन् १९७० ताका एक मिलिलिटर वीर्यमा औसत १० करोड १० लाखजति प्रजनन क्षमतायुक्त कोष अर्थात् शुक्रकीट हुन्थे भने अहिले त्यो मात्रा घटेर ४ करोड ९० लाखमा आइपुगेको छ ।

संख्या मात्र नभई शुक्राणुको गुणस्तरमा पनि ह्रास आएको प्रमाण भेटिएको छ । महिलाको डिम्बभित्र प्रवेश गर्न सक्षम शुक्रकीटको संख्या पनि पछिल्ला दशकहरूमा घटेको छ । 'सबभन्दा अनौठो त हामीले शुक्रकीटको गतिशीलताको ह्रासमा देखेका छौँ । यो क्षमताको अभावमा निषेचनको सम्भावना घट्छ,' ब्रजिलिएन असोसिएशन अफ असिस्टिड रिप्रोडक्शनका उपाध्यक्ष तथा यूरोलजिस्ट र एन्ड्रोलजिस्ट मोएसर राफाएल राडाएलीले भने । निरन्तर भइरहेको ह्रासले स्वास्थ्यविज्ञहरू चिन्तित बनेका छन् ।

'यो चिन्ताजनक विषय हो किनभने यो गिरावटको गति बढिरहेको छ । कहाँ पुगेर टुङ्गिन्छ भन्न सकिँदैन,' ब्रजिलिएन सोसाइटी अफ यूरोलजीको एन्ड्रोलजी विभागका संयोजक एड्वार्डो मिरान्डाले भने । त्यसमाथि पुरुषहरूको शुक्रकीटको मात्रा खस्किने दर पछिल्ला वर्षमा झन् बढेको छ । इजरेल र अमेरिकामा गरिएको सोही अनुसन्धानका अनुसार सन् १९७० र १९९० को दशकबीच शुक्रकीटको मात्रा खस्किने दर प्रतिवर्ष १.१६% रहेकोमा सन् २००० को दशक सुरु हुँदै गर्दा त्यो दर बढेर २.६४% पुग्यो । अर्थात् त्यो गिरावट दोबरले बढ्यो ।

अनि यो संसारभरि नै देखिएको छ -सबै महादेशमा मानिसको शुक्रकीटको मात्रा घट्दो छ । युरोप, अफ्रिका, तथा मध्य र दक्षिण अमेरिकामा यो दर अन्यत्रभन्दा धेरै छ । किन यसो भइरहेको छ त ? विज्ञहरूले कम्तीमा पाँचवटा कारण उल्लेख गरेका छन् । खुसीको कुरा के भने ती सबैको निराकरण सम्भव छ ।




**१. मोटोपना**

शरीरमा बढ्ने हरेक अतिरिक्त किलोग्रामले शुक्रकीटलाई हानि हुने खालका परिवर्तनहरू गराउँछ । बोसो भण्डारण गर्ने एडिपोज तन्तुले सुजन गराउने तत्त्व निष्काशन गर्छ जसले पुरुषमा शुक्रकीट उत्पादनका निम्ति सबभन्दा महत्त्वपूर्ण मानिने टेस्टस्टरोन होर्मोनलाई प्रभावित गर्छ ।

मिरान्डाका अनुसार अधिक तौलले 'अक्सिडेटिभ' तनाव पनि निम्त्याउँछ जसले शरीर विभिन्न प्रकारका कोषमा हानि पुऱ्याउँछ । 'साथै, मोटोपना भएका व्यक्तिको जननेन्द्रियवरपर धेरै बोसो हुन्छ जसले शुक्रकीटलाई धेरै नराम्रो असर गर्छ,' उनले भने ।

पुरुषका प्रजनन क्षमतायुक्त कोषहरूको उत्पादन अनि सञ्चय गर्ने अण्डकोष शरीरको तापक्रमभन्दा १ देखि २ डिग्री सेल्सीअस कम तापक्रममा रहनुपर्छ । त्यसैले अण्डकोष शरीर बाहिर रहने गर्छ । बोसो तत्त्व बढ्दाखेरि त्यसले जननेन्द्रियको तापक्रम पनि बढ्छ र त्यसले तिनको कार्यक्षमता प्रभावित हुन्छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वभरिका पुरुषमध्ये ३९ प्रतिशतको तौल आवश्यकताभन्दा बढी छ भने ११ प्रतिशत मोटोपनाबाट पीडित छन् । यो तथ्याङ्कले पनि पछिल्लो पाँच दशकमा शुक्रकीटको मात्रा किन घटिरहेको छ भन्ने कुरा बुझाउन सहयोग गर्छ ।

**२. दुर्व्यसन**

मदिरा, सुर्ती, भेपिङ, गाँजा, कोकेन अनि 'एनाबोलिक स्टेरोइड' यी सबैबीचको समानता तपाईंलाई थाहा छ? यी सबैले पुरुषको शुक्रकीटको गुणस्तरमा प्रभाव पार्छन् । 'यीमध्ये केही पदार्थले शुक्राणु उत्पन्न गराउने कोषिकाहरूलाई प्रत्यक्ष रूपमै हानि पुऱ्याउँछन्,' मिरान्डा भन्छन् ।

अन्य पदार्थले अण्डकोषलाई क्रियाशील पार्न जिम्मेवार होर्मोन उत्पादनमा असर पार्दै अप्रत्यक्ष रूपमा हानिकारक कार्य गर्छन् । विशेषज्ञहरूले सबैभन्दा बढी दिने उदाहरण चाहिँ टेस्टस्टरोन प्रतिस्थापनका लागि भनेर मांसपेशी बढाउन व्यापक रूपमा प्रयोग गरिने चक्की, जेल र सुईहरू भएको औँल्याएका छन् । 'पछिल्ला वर्षहरूमा यसको बजार व्यापक र डरलाग्दो रूपमा बढेको छ,' राडाएली भन्छन् ।

चिकित्सकका अनुसार जब कुनै कारणबिनै यो होर्मोनलाई प्रतिस्थापन गरिन्छ, शरीरले यसलाई प्राकृतिक रूपमा उत्पादन गर्नुपर्ने आवश्यकता नरहेको ठान्छ । अनि यसको प्रभाव शुक्रकीटको मात्रामा पर्न जान्छ ।

**३. यौनाङ्गबाट सर्ने सङ्क्रमण**

क्लमिडिया र गोनोरियाजस्ता रोगहरू ब्याक्टेरियाको सङ्क्रमणबाट हुन्छन् । तिनले यसले 'एपिडिडिमिस' मा सुजन गराउन सक्छन् । यो भाग अण्डकोषसँग जोडिएको हुन्छ र यसमा शुक्रकीट सङ्कलित भएर बसेको हुन्छ । त्यसैले त्यहाँ कुनै प्रभाव पर्दा शुक्रकीटको अस्तित्वमा जोखिम निम्तिन्छ । सन् २०२० मा महिला र पुरुष दुवैमध्ये १२ करोड ९० लाख क्लमिडियाका अनि ८ करोड २० लाख गोनोरियाका नयाँ बिरामीहरू पाइएको विश्व स्वास्थ्य सङ्गठनले अनुमान गरेको छ । यसमा राडाएलीले तेस्रो जीवाणु पनि थपेका छन्: ह्यूमन पापिलोमाभाइरस जसलाई एचपीभी भनेर पनि चिनिन्छ । 'यसले शुक्रकीटको उत्पादन वा त्यसको डीएनएमा समेत असर गर्ने थाहा भएको छ,' उनले भने ।

**४. काखमा कम्प्युटर**

सामान्यतया पुरुषको अण्डकोष शरीरको तापक्रमभन्दा १ देखि २ डिग्री सेल्सीअसले कम हुनु पर्छ । पछिल्ला दशकहरूमा भएका अध्ययनका अनुसार काखमा ल्यापटप वा नोटबुक राखेर प्रयोग गर्नाले शुक्रकीट उत्पादनमा थप खतरा पैदा गर्छ । त्यसको कारण ती उपकरणको ब्याटरीको तातो हो । यसले शुक्रकीटलाई प्रभाव पार्छ । मिरान्डाका अनुसार उच्च तापमानमा गरिने गतिविधि -लामो समय लगाएर तातो पानीमा नुहाउनु वा 'साउना'मा बस्नुले पनि प्रजनन क्षमतामा समस्या पार्न सक्छ । प्रविधिसँग जोडिएको अर्को खतरा पनि छ । चिकित्सकहरूले 'विद्युत-चुम्बकीय तरङ्ग',टेलिफोन 'सिग्नल' अनि ताररहित इन्टरनेटका सम्भावित नकारात्मक प्रभावको पनि चर्चा गरेका छन् ।

## साहित्य

### हास्यव्यंग्य

# सागको सुकुटी

✍ चूडामणि खनाल

काम्यो लुग्लुग त्यो गरीब बिचरा त्यसमा दया गर्छ को ? "भीमनिधि तिवारीले यस प्रश्नको उत्तर पाएरै आँखा चिम्लिए कि वा यो प्रश्न अनुत्तरित नै रफयो । यो कुरा मलाई थाहा भएन । मलाई त के मात्र थाहा छ भने भीमनिधिको पालामा जस्तै अहिले पनि काठमाडौं उपत्यकाका सबै गाउँगाउँमा, घर घरमा, जहाँतहाँ- 'छानामा पथमा तथा चहुरमा चिनी छरेझैं थियो' भइरहन्छ । आज बिहानको प्रात:भ्रमणले उनै संवेदनशील भीमनिधि तिवारीलाई सम्झाउनसम्मन् सम्झायो ।

हेमन्तको हिमचिसे ठिहिरो चर मचुलीमा पुगेको अनि घमाउने माघ पनि नलागिसकेको अवस्थामा काठमाडौंका पवित्र तिर्थधाम त्रिवेणी (अर्थात् बल्खूं-वाग्मती-विष्णुमतीको तटमा) टेकुमा दुर्गन्ध स्नान गर्दै रहेछन्, करीब पौने शताब्दी वर्षा बूढा बा । बूढाबा जुन स्थानमा ध्यानमग्न थिए, त्यस ठाउँको खास नामचाहिँ बलेखू हो । त्यसै ठाउँको चक्रपथको पुलमा बूढाबा "रात्रौ चिबुकसमर्पित जानु:"को शैलीमा घोसे मुन्टो लगाएर बसेका देखिएका छन् ।

घरबुना कपडाको कछाड, त्यसै कपडाको भोटो लगाएर त्यसै कपडाको बर्को ओढेका पिण्ड खानेखाने उमेरका यी बूढाबालाई देखेपछि मेरो प्रात: भ्रमणको दौडाइको गति केही ढिला भयो, मन संवेदनशील भयो र मेरा दुवै पाइतालाहरू अनायासै बूढाबातिर लम्किए र टक्क अडिए । त्यसरी पाइतालाहरू ठप्प हुनुको रहस्य बूढाबाप्रतिको मेरो टीठ र उनले लगाएको घरबुना कपडाले उब्जाएको राष्ट्रियता थियो । मेरो घरेलु उद्योगप्रतिको आत्मीयता थियो ।

बूढाबा ! घर कहाँ हो? मेरो सम्मानपूर्वकको जिज्ञासा सुनेर उनले धनकुटातिरको कुनै गाउँको नाम लिए । धनकुटाको आवहवाले धेरथोर छोएको नाताले होला मैले बूढाबाप्रति ममताको मात्रा निकै बढाएँ । कुराकानीका क्रममा उनले पनि आफ्नो नाम घाम र कामबारे रिट्ठो नबिर्राईकन भने ।

बूढाको नाम र धामले मेरो ध्यान त्यति खिचेनन्, जति ध्यान उनको कामले खिच्यो । यस ठन्डीमा पनि बूढाबा काठमाडौंमा आउनुको मूल रहस्य के रहेछ भने उनकी प्यारी छोरीलाई ज्यादै मन पर्ने खाद्यवस्तु सागको सुकुटी पुर्याउनु रहेछ । छोरीले हाते फोनमार्फ् गरेको आदेश तात्तातै पूरा गर्न उनी आएका रहेछन् । छोरीको माग भुइँमा खस्नासाथ पूरा गर्नुपर्ने बाध्यता बूढाबालाई अहिले पनि उत्तिकै रहेछ । उनी आदेश मान्ने कार्यमा अभ्यस्त भइसकेका रहेछन् ।

मान्छेले आफूलाई दुई किसिमको अवस्थामा सम्पूर्ण नङ्ग्याउँछ र रित्याउँछ । एक उसको अहँ चुलिएको अभिव्यक्ति दिँदा र अर्कोचाहिँ आत्मीयता घिप्लिक्कै भएर पोखिएको वेला । हुन पनि यी यस्ता किसिमका क्षण हुन्- जतिवेला मान्छेले आफ्नो आबरु खुस्किएको पनि थाहा पाउँदैन । अथवा भनूँ -उसलाई कर्तव्य वा अकर्तव्यका बीचको दूरी थाहा नै हुँदैन । बिचरा बूढाबा छोरीको घर नचिनेर त्यहाँ अलपत्र परेका पनि त रहेनछन् नि कुरै कुरामा उनले रहस्य खोले ।

जतिवेला आइपुगे पनि बलेखूकै पुलमा बस्नु, तर घरमा चाहिँ नआउनु नि ! छोरीले हातेफोनमार्फ् आदेश गरेकी रहिछन् । छोरीको बर्खिलाप जाने हुतीचाहिँ बूढाबाले हराइसकेका रहेछन्, त्यसैले त उनी खानु र खुट्नु केही नगरीकन पुलको छेउमा अलपत्रिएका रहेछन् । त्यसो त बूढासँग खाद्यवस्तु नभएको पनि कहाँ हो र ? ताजा घिउ र चिनीको पाक पुगेको झुरुम झुरुम चपाइने, मुखै रसाउने पाथीएक सिरौँलाको खट्टे र पाथीपाँचेक खाँटी दूध घोटेर बनाइएको कुराउनी कोट्याएर खाने ह्याउचाहिँ आएनछ । छोरीले दुवाच्यले गाली पो गर्ने हो कि ? भन्ने त्रासले उनी त्रसित भएका रहेछन् बुझ्दै जाँदा बूढाबा खानु न पिउनुसँग बस्नुको रहस्य पनि खुलिहाल्यो ।

कुरै कुरामा बूढाबाले आफूलाई निकै विस्तृत गरे । काठमाडौंमा त खानको भन्दा बढी महत्व लाउनाको हुन्छ रे । यहाँका मान्छेहरूले २००।- मूल्य बराबरको कपडाको सिलाइको ज्याला ५००।- सम्मन् पनि तिर्छन् रे खाएको त कसैले पनि देख्तैनन्, तर लगाएको त सबैले देख्छन् रे भन्ने मन्त्र साना ठूला सबैले जप्छन् रे । त्यसैले खाने लगाउने कला नसिकेका बाले घरमा आएर डिर्स्टब गर्न नहुने भएकाले नै छोरीले उनलाई मलेखूमा नै रोकेकी हुन् रे । यसरी बूढाबाले भित्री रहस्य खोल्दै गएपछि चित्त दुखाएर पिन्चे स्वरले भने -मलाई त मेरै छोरीले 'पाखे' मात्र होइन 'खेपा' पनि भन्छे । खेपा भनेको के हो हँ ?

'भित्र छु माले, बाहिर बाहिर सुरुवाल आले भन्ने मगर भाषाको आहान भन्दै बूढाबाले भने -आफ्नो दु:खभन्दा छोरीको इज्जत नै ठूलो ह कि ? बूढाबा त गिँदरीको घाँसले हाते भैसी पग्रिएझैं पग्रिन थाले-पहाडिया खाँटी घिउका तुलनामा शहरमा पाइने घिउको महत्व हुँदैन रे त्यसैले मैले छोरीलाई आफैंले दही मथेर घिउ ल्याइदिएको छु । उनले पोको फुकाए र टम्म घिउ भरिएको काठे ठेकी देखाए । अनदीको चाम्रे भनेपछि छोरी हुरुक्क हुन्छे । त्यसैले माना चारेक अनदीको चामल पनि ल्याएको छु, बूढाबाले आफ्नो रहस्य खोल्दै गए । फतक्क भएर पाक्ने पिँडालुमा मस्यौरा मिसाएको गलमटे तरकारी छोरीलाई औधी मन पर्छ भनेर नै आफूले पिँडालु र मस्यौराको पोको पनि बोकेको कुरा गरे र बूढाले भने- आबरु त सबैको हुन्छ नि !

हाम्रा ज्वाइँले छोरीको रूपसँग बिहे गरेका हुन् रे । हाम्रो कुल त के को कुल हुन्थ्यो रे ? 'समानकुलशीलस्य' भन्ने आदर्शको त मनुमहाराज सँगसँगै मृत्यु भएको हो रे । कहाँको राजाराम, कहाँको गने भण्डारी भनेझैं हामी ज्वाइँ ससुरालीका बीचमा तुलनै हुन सक्तैन रे । शहरिया सुकिला मुकिला ज्वाइँका परिवारसँग हामी पहाडिया भैमालेहरूको उठबस नै मिल्दैन रे हो बाबु? बूढाबाले जिज्ञासामूलक विस्तारित नेत्रले मलाई हेरे ।

लोग्ने पाउनासाथ छोरी बिरानी हुने कुरा थाहा पाएको भए धामा गरीगरी किन पो पढाउँदो हुँ, गाउँघरका ढिकी, जाँतो र हलो जोतारामा रमाउने ज्वाइँसँग छोरीको विवाह भएको भए अहिले मेरो पनि त आबरु रहँदो हो शहरिया ज्वाइँको स्तरको लवाइखवाइ र रहनसहन बुझेका भए यतिखेर बलेखूको तीरमा मुटुछेड सिरेटो खाएर बस्नु पर्थ्यो र ? इत्यादि इत्यादि खालका फदय छुने प्रश्नहरू गरेर बूढाबाले मलाई पो झिज्याए । मैले एसम्यानलेझैं उनले बोलेका कुरालाई सुनिरहेको भए छोरी र आफ्नो बीचको सम्बन्धलाई पर्दा नै नराखीकन भन्ने उनको सुर थियो । छोरीले आफ्नो लवाइमा, खवाइमा र बोलाइमा गरेको नकारात्मक टिप्पणीले आफूलाई छियाछिया पारेको कुरा भन्ने आँट उनले गरेझैं लाग्यो । यतिबेला मैले ठाने-अर्काको हुमत सुन्नु पनि त ठीक होइन ।

आफू त प्रात: भ्रमणका निम्ति निस्किएको मान्छे भएकाले धेरै बेरसम्म बूढाबाको गथासो सुन्ने समय पनि थिएन । त्यसैले म आफ्नो बाटो लागेँ । बूढाबाले दिमागभरि नयाँ-नयाँ खरखजना राखिदिएका थिए । मैले पनि त्यसै खजनाका सहराले बाटो काट्न थालेँ । बूढाबाकी सहरिया छोरीलाई गुन्द्रुक पनि चाहिँदो रहेछ । उनलाई ताजा घिउ पनि उत्तिकै मात्रामा पिउनुपर्दो रहेछ । च्यापुमै टाँसिने गरी अनदीको चाम्रे पनि हसुर्नु पर्ने रहेछ । मस्यौरा मिसाएको र थोर-थोरै अमिलो राखेको खरी पिँडालुको तरकारी पनि त छोरीले बिर्सिएकी रहिनछन् । मान्छे सहरिया भए पनि जिब्रो भने उस्तै उस्तै हुँदो रहेछ । कहीं जिब्राले पनि सहरिया र गाउँले भनेर छुट्याउँछ र ? छोरीका लागि बाबुको बूढो शरीरभन्दा पनि आफ्नै लोग्नेको घरको इज्जत ठूलो लाग्दो रहेछ । अन्यथा सकीनसकी खरखजना बोकेर आएका बूढाबा किन बाटैमा अलपत्र पर्थे त ?

बूढाबा र उनकी छोरीका बीचमा कतिबेरपछि भेट भयो वा भएन, भेट भएको भए कतिबेरपछि भयो होला ? आफ्ना बालाई ती छोरीले बलेखूको पुल काट्न दिएर आफ्नो इज्जत फाल्ने सम्भावना नै थिएन । म आफू छुट्टिएपछि ती बाबु र छोरीका बीचमा के के वार्तालाप भए होलान् त्यसबारेमा त मैले केही सोचिनँ, तर त्यतिबेला मेरो मस्तिष्कबाट भीमनिधि तिवारीकै शैलीमा यस्तो पङ्क्ति निस्कियो- "बूढाबा अहहा परे विपतमा पीडा त बुझ्ने छ को ?

# तिहारमा घटेको घटना



✍ निजना न्यौपाने

कक्षा-५, नवोदय शिशु सदन

मलाई दसैंमा खासै रमाइलो लागेन किनभने यसपालिको दसैंमा धेरै जना थिएनन् । घरमा आएका केही पाहुना तथा सबै सदस्यहरु पनि टिकटक बनाउन र फोटो खिच्नै व्यस्त देखिए । अनि तिहारमा चाहिँ मलाई धेरै रमाइलो लाग्यो । लक्ष्मीपूजाको दिन एउटा नराम्रो घटना पनि घटेको थियो ।

हामीले जब मैनबत्ती बालिरहेका थियौँ तब मेरो बहिनी भित्तातिर गइछे अनि उसको लुगामा आगोले समातेछ र लुगामा आगो सल्कियो । तर धन्न मेरो दाई देख्नुभएछ र मेरो बाबालाई भन्नुभयो । मेरो बाबाले हतार हतार आफ्नो हातले त्यो आगो निभाइदिनु भयो र ठुलो घटना हुनबाट बचाउनु भयो । बुबाले थोरै आफ्नो हातपनि जलाउनु भयो । तिहारमा सारङ्गी फिल्म पनि हेर्ने भनेको तर हेर्न पाइएन त्यसैले मलाई अलिकति नरमाइलो पनि लाग्यो । हामीले आगो र पानीमा धेरै ध्यान भने दिनुपर्छ ।

# देश



✍ काव्याश्री अर्याल

कक्षा-४, नवोदय शिशु सदन

हाम्रो देशमा युद्ध गर्ने मानिसलाई कम गर्नुपर्छ
युद्ध गर्दा हामी र हाम्रो देशलाई बचाउनु पर्छ
यही देशमा बसेर मिहिनेत गरेर पढौँ
यही देशमा बसेर ठूलो मान्छे बनौँ


एउटै जिन्दगी त पाएका छौँ
राम्रो काम गरेर असल मान्छे बन्नुपर्छ
आफ्नै देशमा बसेर देशको सेवा गर्नुपर्छ
यही देशमा बसेर नाम कमाउनुपर्छ

आफ्नै देशमा बसेर आफ्नै धर्म मानौँ
अरुको देशमा गएर पसिना नबगाऔँ
आफ्नो देश छोडेर नजाऔँ है विदेश
राम्रो काम गरेर बसौँ है आफ्नै देश

हाम्रो देशमा भएको प्राकृतिक सम्पदा
सबै मिलेर संरक्षण गर्नुपर्छ
देशमा मानिने विभिन्न धर्म संस्कृति
सबैले सधैँ सम्मान गर्नुपर्छ

## चित्रकला





दिपाशना थापा

जी.एस. निकेतन मा.वि. हेटौंडा

# नेपाली सडकमा चिनियाँ र भारतीय ईभी 'ब्याटल'



काठमाडौं/पुरानो कुरा गर्ने हो भने नेपालमा गाडी चढ्न सक्ने हैसियत भएका मानिस भारत र चीन दुवै देशमा बनेका निजी कारप्रति नाक खुम्च्याउँथे । जापान, कोरिया, युरोप र अमेरिकी ब्रान्ड नेपाली उपभोक्ताको रोजाइमा पर्थे ।

तर, अवस्था फेरियो । नेपालको अटो बजारमा पहिले स्थापित ब्रान्डहरूको अवस्था धर्मराएको छ, भारतीय र चिनियाँ ब्रान्डका गाडीहरू नेपाली उपभोक्ताको पहिलो रोजाइमा छन् । यसरी नेपाली अटो बजारको परिदृश्य नै परिवर्तन गर्ने परिघटना हो, बिजुली गाडी (इलेक्ट्रिक भेइकल-ईभी) को आगमन । आर्थिक वर्ष २०८०-८१ मा निजी कार बिक्रीमा ७१.५ प्रतिशत हिस्सा ईभीको छ । पछिल्लो तीन वर्षमा नेपाली अटो बजारमा १७ हजार ५७८ वटा विद्युतीय सवारी साधन (ईभी) भित्रिए, जसमध्ये १० हजार २५९ वटा गाडी चीनबाट र ६ हजार ३५० वटा विद्युतीय सवारी साधन भारतबाट भित्रिएको भन्सार विभागको तथ्यांकमा देखिन्छ ।

नेपालमा चीन र भारत बाहेक कोरिया, अमेरिका, फ्रान्स, जापान लगायत मुलुकमा बनेका ईभी समेत भित्रिएका छन् । तर, तिनको हिस्सा सानो छ । पछिल्लो तीन वर्षमा भारत र चीन बाहेकका मुलुकबाट भित्रिएका सवारीसाधनको संख्या ९४९ देखिन्छ । केही वर्षअघिसम्म नेपालमा चिनियाँ ब्रान्डका गाडीको उपस्थिति नगन्य मात्रै थियो । तर, आजको तथ्यांकले भन्छ, नेपाली सडकमा अहिले भारतीय र चिनियाँ कम्पनीको तीव्र प्रतिस्पर्धा छ । जसमा अहिलेसम्म चिनियाँ ब्रान्डहरूले बाजी मारिरहेका छन् ।

कुल ईभीमा चीनबाट आयात भएका ईभीको हिस्सा ५८.३६ प्रतिशत र भारतबाट आयात भएका ईभीको अनुपात ३६.१२ प्रतिशत तथा अन्य मुलुकबाट आउने ईभीको अनुपात ५.४ प्रतिशत छ ।

**चीनको दबदबा, दबाबमा भारत**

नाडा अटो शो २०२४ को मुखमा केही भारतीय गाडी निर्माता कम्पनीका उच्च अधिकारीहरू नेपाल आएका थिए । नाडा अटो मोबाइल एसोसिएसन अफ नेपालको निमन्त्रणामा नेपाल आएका उनीहरूले तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर पछिल्लो समय नेपालमा चिनियाँ गाडीको दबदबा बढेको बारे चिन्ता व्यक्त गरेको स्रोतले बताएको छ ।

ती व्यवसायीले सरकारले यसरी भित्रिरहेका चिनियाँ गाडीको नियमन आवश्यक रहेको सुझाव दिएका थिए । प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार, भारतीय गाडी निर्माता कम्पनीहरूले चिनियाँ विद्युतीय गाडी नेपालमा आउने दर बढ्दै जाने हो भने ईभीको डम्पिङ साइट हुने जोखिमबारे समेत सुनाएका थिए ।

भारतीय गाडी निर्माताको चिन्ता सारमा नेपाल ईभीको डम्पिङ साइट बन्छ कि भन्ने मात्रै होइन । त्यसको अन्तर्यमा भारतीय उत्पादकको टाउको दुखाइ चाहिं 'नेपाली बजारमा ईभीको उच्च माग र त्यसमा चिनियाँ कम्पनीको सफलता' अन्तरनिहित थियो । तर, नेपालको अटो बजारमा चिनियाँहरू अग्रणी हुनुमा नेपालको नीति भन्दा बढी चीनको अग्रणी प्रविधि र मूल्य कम हुनु तथा भारतीय ब्रान्डहरू महँगो पर्न जानुले भूमिका खेलेको एक अटो व्यवसायी बताउँछन् ।

नेपालमा बीवाईडी गाडी आयात गरिरहेको साइमेन्स इन्ककी प्रबन्ध निर्देशक यमुना श्रेष्ठ चिनियाँ ब्रान्डका गाडीहरू प्रविधि र डिजाइनमा उत्कृष्ट रहेको दाबी गर्छिन् । साथै, नेपाली उपभोक्ताले चिनियाँ ब्रान्डका गाडी किन्दा जति पैसा तिरेका छन्, त्यसको उचित सामान पाएको अनुभव गरेको उनी बताउँछिन् । 'भ्यालु अफ मनीका हिसाबले चिनियाँ ब्रान्डका ईभीहरू नेपालमा मात्रै होइन, संसारभरि नै उत्कृष्ट छन्', उनी भन्छिन् ।

ब्याट्रीको मूल्य र प्रविधिमा पनि चिनियाँहरू अन्य मुलुकको तुलनामा प्रतिस्पर्धी छन् । 'भारतीय अटो निर्माताले पनि चीनबाटै ब्याट्री आयात गरेर गाडी बनाउनुपर्ने र ब्याट्री निर्यातलाई चीनले महँगो बनाएकाले भारतीय गाडीहरू महँगो पर्न जान्छ', अर्का एक अटो व्यवसायी भन्छन् । चीनले अन्य मुलुकको तुलनामा निकै अघिदेखि हरित सवारी साधनलाईप्रवर्द्धन गर्न थालेकाले त्यहाँ प्रविधिको विकास पनि तीव्र भएको श्रेष्ठको भनाइ छ । 'चिनियाँहरू र अमेरिकामा एलन मस्कले सँगसँगै हरित सवारी साधानको प्रवर्द्धन थालेका हुन्, त्यसो हुँदा अमेरिकामा टेस्ला र चिनियाँ अटो निर्माताहरू यो दौडमा अघि छन्', उनले भनिन् । संसार ईभीतिर जाँदै गर्दा भारतीय अटो निर्माताहरूले पनि यसलाई प्राथमिकता दिएको उनले बताइन् ।

एकातर्फ नेपाल सरकारले विद्युतीय सवारी साधनलाई प्रवर्द्धन गर्न लिएको कर छुट नीति र अर्कोतर्फ चीनले सस्तो मूल्यमा गाडी उपलब्ध गराउँदा नेपाली बजारमा चिनियाँ गाडीले बलियो उपस्थिति देखाएको छ । तर, बीवाईडीकी बिक्रेता श्रेष्ठ भने बजारको माग अनुरूप प्रतिस्पर्धा भइरहेकाले यसलाई भारत र चीनको प्रतिस्पर्धा भन्न नमिल्ने दाबी गर्छिन् ।

'विगतमा पनि कोरिया, जर्मनी, जापान लगायत मुलुकमा बनेका गाडीहरू बीच प्रतिस्पर्धा थियो, त्यसबेला कुन-कुन देशको प्रतिस्पर्धा भनिंदैनथ्यो, त्यसो हुँदा अहिले भारत र चीनबीच प्रतिस्पर्धा भन्नु उचित हुँदैन' उनी भन्छिन्, 'बजारको माग अनुसार ब्रान्डहरू बीच प्रतिस्पर्धा भइरहेको हो ।'

सिप्रदीका श्रेष्ठ पनि यो देशहरू बीचको नभई ब्रान्डहरू बीचको लडाइँ भएको बताउँछन् । 'अहिले भइरहेको 'ब्याटल बिटविन दि ब्रान्ड' हो । चाहे त्यो चाइनिज होस् या इन्डियन', उनी भन्छन् । व्यवसायी आकाश गोल्छा भारत र चीनमा बनेका ईभीहरूको नेपालमा आ-आफ्नै सबल र दुर्बल पक्ष रहेको बताउँछन् । 'विश्वव्यापी रूपमा पनि चिनियाँ कम्पनीहरू प्रतिस्पर्धामा देखिन्छन् । नेपालको हकमा भारत र चीन दुवैले राम्रो बजार पाएको अवस्था छ । चिनियाँ र भारतीय ब्रान्डमा केही फरकपन देखिन्छ । उदाहरणका लागि भारतले ब्याट्री आफैं उत्पादन गर्दैन । त्यसले गर्दा मूल्य बढी पर्छ । त्यसले प्रतिस्पर्धी क्षमता कम हुने सम्भावना छ', उनी भन्छन् ।

चीनले ब्याट्री आफैं उत्पादन गर्ने भएकाले उसलाई त्यसमा कम मूल्य पर्ने उनी बताउँछन् । उनी भन्छन्, 'ढुवानीका दृष्टिले हेर्दा भने भारतीय गाडीको तुलनामा चिनियाँ गाडी महँगो पर्छ । किनभने, चिनियाँ कम्पनीका उद्योगहरू नेपालबाट टाढा टाढा छन् । तर, प्रविधिको दृष्टिकोणबाट भारतको तुलनामा चीन अगाडि छ ।'

**बढ्दै चिनियाँ, पछ्याउँदै भारतीय**

आव २०८०/८१ मा चीनबाट मात्रै ८ हजार ६५ वटा ईभी नेपाल भित्रिए । दोस्रो नम्बरमा भारत छ । यस मुलुकबाट ३ हजार ३७७ वटा ईभी आएको देखिन्छ । यस वर्ष तेस्रो मुलुकबाट २५९ ईभी आएका छन् । आर्थिक वर्ष २०७९-८० मा कुल ४ हजार ५० ईभी नेपाल आएका थिए । जसमध्ये चीनबाट १ हजार ३७१ वटा र भारतबाट २ हजार २७७ वटा आएका थिए । कोरियाबाट ३८१ र अन्य मुलुकबाट २१ वटा गाडी आएको तथ्यांकमा उल्लेख छ ।

आव २०७८-७९ मा नेपालमा भारत र चीनबाट आउने गाडीमा प्रतिस्पर्धा जस्तै थियो । चीनबाट ८२३ ईभी आएकोमा भारतबाट ६९६ वटा आएका थिए । यस बाहेक कोरियाबाट १८४, जापानबाट ७८, अमेरिकाबाट २५ र फ्रान्सबाट एउटा गाडी आएको थियो ।

यो तथ्यांक अनुसार पछिल्ला दिनमा चीनले भारतलाई तीव्र गतिमा उछिनेको देखिन्छ । यसो हुनुमा प्रतिस्पर्धी मूल्य नै मुख्य कारण हो । भारतमा पुराना अटोमोबाइल उत्पादक टाटा तथा महिन्द्राले नै बजारमा ईभी गाडी ल्याएका छन् । तर, मानिसहरूले ती गाडीको तुलनामा नयाँ-नयाँ ब्रान्डका चिनियाँ गाडी मन पराएका छन् । कम मूल्यमा विभिन्न सुविधा सहितका आकर्षक गाडी उपलब्ध हुँदा ग्राहक त्यसतर्फ केन्द्रित भइरहेको व्यवसायी बताउँछन् ।

नेपालमा चीनबाट धेरै ब्रान्ड आउनुमा गाडी ल्याउन एकदम सजिलो हुनु पनि कारण भएको नेपालमा टाटा गाडीको आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठ बताउँछन् । 'धेरै ब्रान्डहरू नेपाल आएकै कारण अहिले नेपालमा ब्रान्डहरूको 'ब्याटल' परिरहेको छ । अहिले चिनियाँ-चिनियाँ बीच पनि प्रतिस्पर्धा, भारतीय-भारतीय बीच पनि प्रतिस्पर्धा छ । यसलाई असामान्य रूपमा लिनुपर्ने पनि केही छैन', उनी भन्छन् ।

चिनियाँ र भारतीय ब्रान्डको आफ्नै फाइदा-बेफाइदा रहेको उनको भनाइ छ । 'नेपालको भूगोल अनुसार भारतीय गाडीले धेरै नै प्रमाणित गरेका छन्, चीनका गाडीहरू नेपालको भूगोल हेरेर बनेका छैनन्', उनी भन्छन् ।

**स्टार्टअपले बजार लिंदा ठूला ब्रान्डलाई टाउको दुखाइ**

नाडाका एक सदस्यका अनुसार अहिले चीनबाट स्टार्टअप कम्पनीहरूले उत्पादन गरेका गाडी नेपाल धेरै भित्रिएको देखिन्छ । यसले विगतदेखि गाडी उत्पादन र बिक्री गरिरहेका ठूला व्यापारीको टाउको दुखेको छ । चीनबाट आयात भएका बीवाईडी र एमजी जस्ता ठूला ब्रान्ड बाहेक अधिकांश स्टार्टअपले उत्पादन गरेका गाडी भएको उनी बताउँछन् । 'कोही बिल्कुल नयाँ स्टार्टअप छन्, कोही पुराना कम्पनीले शुरू गरेको स्टार्टअप छन्', उनी भन्छन् ।

त्यसो हुँदा अहिले बजारमा रहेका सबै गाडीहरू गुणस्तरीय नै छन् भन्ने नभएको उनी बताउँछन् । 'स्टार्टअप कम्पनीले निर्माण गरेका गाडी असफल भए भने नेपाली ग्राहकको हालत के हुन्छ ?' एक व्यवसायी प्रश्न गर्छन् । बिक्रीपछिको सेवा, पूर्वाधार सहित 'होल इको सिस्टम'मा काम नगरी ह्वारह्वार्ती गाडी भित्र्याउनु घातक समेत हुनसक्ने उनको भनाइ छ ।

तर, चिनियाँ गाडी बिक्री गर्ने एक बिक्रेता भने स्टार्टअपबाट अझ राम्रो उत्पादन समेत आउन सक्ने भन्दै चीनले नेपालमा मात्र नभई विश्वभर ईभी बजारमा आफ्नो उपस्थिति बढाएको बताउँछन् । यूरोपेली बजारमा चिनियाँ गाडीको उत्पादन र बिक्रीको तेज कम गर्न राज्यहरूले कर बढाउने नीति लिएका छन् । उनी भन्छन्, 'विगतमा जसरी मनपर्दी मूल्य लिइन्थ्यो, त्यो अब कम भएको छ, मूल्य प्रतिस्पर्धी बनेको छ ।'

नेपालका एक ठूला आयातकर्ताका अनुसार, चीनमा अहिले २०० भन्दा बढी स्टार्टअप कम्पनी छन् । चीनमा स्टार्टअपहरूको सफलताको दर ८ प्रतिशत हाराहारीमा मात्रै रहेकाले त्यो जोखिम लिन तयार हुनुपर्ने उनको भनाइ छ ।

उदाहरणका लागि नेटा ईभी उत्पादन गर्ने स्टार्टअप होजोन मोटर्सले फन्डिङको अभावमा कारखाना बन्द गरेको र कर्मचारीको तलब कटौती गरेको समाचार सार्वजनिक भएको छ । चौधरी ग्रुपले आयात गर्ने नेटाका नेपालमा हालसम्म ७ सय ५६ वटा गाडी भित्रिसकेका छन् ।

उनका अनुसार चिनियाँ स्टार्टअप कम्पनीका कारण बजारमा यति सस्तो उत्पादन आयो कि ठूला ब्रान्डले नै प्रतिस्पर्धा गर्न नसक्ने अवस्था आएको छ । चीनबाट नेपालमा बीवाईडी र एमजी जस्ता ठूला कम्पनी बाहेकका गाडीहरू परीक्षणका लागि भित्रिएको हुनसक्ने आशंका उनी गर्छन् ।

भविष्यमा चीनबाट आउने गाडीको निर्माण बन्द भएमा नेपालमा ती ब्रान्ड किन्नेहरूको अवस्थाबारे चिन्तित हुनुपर्ने उनको भनाइ छ । तर, चीनमा स्टार्टअप फस्टाउनुमा चीन सरकारले लिएको ईभी प्रवर्द्धनको नीतिले भूमिका खेलेको हो । त्यसकारण चिनियाँ गाडीको भविष्य र बजारलाई लिएर तत्काल चिन्तित हुनुपर्ने अवस्था नरहेको चिनियाँ गाडी बिक्रेताहरूको दाबी छ ।

'अबको केही समयभित्र संसारभर नै पेट्रोल गाडी उत्पादन रोकिन सक्छ, सबैको प्राथमिकता ईभीमा छ' उनी भन्छन्, 'त्यसो हुँदा उत्पादक कम्पनीले आफूलाई अझै परिष्कृत बनाउँदै जान्छन् ।' तर, स्टार्टअपले नै बनाएको गाडी लिंदा पनि त्यो स्टार्टअप कसले शुरू गरेको हो र पृष्ठभूमिबाट कसले लगानी गरिरहेको छ भन्ने कुरालाई ध्यान दिनुपर्ने उनको भनाइ छ ।

बीवाईडीकी बिक्रेता श्रेष्ठ नेपालमा खुला बजार रहेकाले कुन गाडी ल्याउने कुन नल्याउने भन्ने नीति बनाउन नहुने बताउँछिन् । 'अहिले ईभीको माहोलमा कमसल गाडी पनि आएका होलान् तर, जसले कमसल गाडी ल्याउँछ, त्यो आफैं डुब्छ' उनी भन्छिन्, 'विस्तारै राम्रा र गुणस्तरीय गाडीहरू मात्रै यहाँ रहलान् ।' तर, सरकारले मापदण्ड र गुणस्तरलाई भने ध्यान दिनुपर्ने उनी बताउँछिन् ।

**सरकारी नीतिले प्रोत्साहन**

नेपालमा विद्युतीय सवारी साधनको बिक्रीलाई निरन्तर प्रवर्द्धन गरिएको छ । आर्थिक वर्ष २०७३-७४ को बजेट मार्फत विद्युतीय सवारी साधन आयातमा कर छुट दिने नीति लिइएको थियो । ईभीमा कर छुट दिने नीतिलाई आर्थिक वर्ष २०७७-७८ को बजेटमा परिवर्तन गरियो । यो वर्षको बजेटले थोरै भए पनि कर लगाउने व्यवस्था गर्‍यो ।

ईभी सवारी साधनमा कर परिवर्तनको नीतिगत व्यवस्था आव २०७९-८० को बजेटमा पनि परिवर्तन गरियो । सो बजेटले करको दर केही बढायो । यद्यपि, पेट्रोल गाडीको तुलनामा भने निकै कम मात्र कर ईभी गाडीमा लाग्छ । त्यसको लाभ उपभोक्ताले उठाएका छन् ।

नेपाल सरकारले २०७४ पुसमै पहिलो पटक विद्युतीय सवारी साधन किनेको थियो । त्यसबेला राष्ट्रिय योजना आयोगले इलेक्ट्रिक कार बीवाईडी खरीद गरेको थियो । अहिले सरकारी निकायले विद्युतीय सवारी साधनलाई उच्च प्राथमिकता साथ खरीद गर्ने नीति लिएका छन् ।

ईभीमा बैंकबाट हुने लगानी सहज भएकाले पनि यसको बिक्री बढेको नेपालमा महिन्द्रा गाडीका बिक्रेता अग्नि इन्कर्पोरेटेडका प्रबन्ध निर्देशक क्याबिनेट श्रेष्ठ बताउँछन् । 'बैंकहरूले विभिन्न ठाउँबाट ग्रीन फन्ड पाइरहेका छन्, राष्ट्र बैंकले पनि ईभीमा ८० प्रतिशतसम्म ऋण दिन पाइने व्यवस्था ल्याएको छ, यसले पनि यसको बिक्री बढाएको छ', उनी भन्छन् ।

सार्वजनिक यातायातमा साझा यातायात सहितका कम्पनीले विद्युतीय सवारीको संख्या बढाएका छन् । विगतमा टाटा सुमो चल्ने रुटहरूमा अहिले ईभी गाडीले बजार प्रतिस्थापन गरेका छन् । जसमा समेत चिनियाँ ब्रान्डको बाहुल्य छ । नेपालमा ईभी आयात बढ्नुमा सरकारले पूर्वाधारमा बढाएको लगानीको समेत हात छ । अहिले देशभर नेपाल विद्युत् प्राधिकरणले ६२ भन्दा धेरै स्थानमा चार्जिङ स्टेशन बनाइसकेको छ । निजी स्तरबाट समेत ठूलो लगानी भएको छ । खासगरी राजमार्गका होटल-रेस्टुरेन्टमा चार्जिङ स्टेशन राख्ने क्रम बढेको छ । नेपाल आयल निगमले नयाँ पेट्रोल पम्पको स्वीकृति दिंदा चार्जिङ स्टेसन राख्नुपर्ने कुरालाई प्राथमिकता दिएको छ ।

विगत तीन वर्षको तथ्यांक हेर्दा ५८ प्रतिशत ईभी चीनबाट आइरहेका छन्, ३६ प्रतिशत भारतबाट र बाँकी अन्य मुलुकबाट । सरकारले विद्युतीय सवारी साधन आयातलाई प्राथमिकता दिई सोही अनुरुप महसुल छुट दिंदा विद्युतीय सवारी साधनको आयात बढ्दै गएको नाडा महासचिव सुरेन्द्रकुमार उप्रेतीको भनाइ छ ।

नेपालमा ५१ देखि ११० किलोवाट क्षमताका गाडी धेरै आइरहेको नाडाले बताएको छ । नेपालमा टाटा, बीवाईडी, हुण्डाई, सुजुकी, महिन्द्रा, किया, अवतार-११, जेक्को जे सिक्स, बीएमडब्ल्यू, जिकर एक्स, डिपल, सेरेस, एमजी, स्काईवेल, सिट्रोन, अमोडा जस्ता ब्रान्डका ईभी बढी बिक्री भइरहेको देखिन्छ ।

**नेपालमा ईभीका शुरूआतकर्ता रेभा र महिन्द्रा**

नेपालमा सन् २००२ मा पहिलो ईभी 'रेभा' आयात भएको थियो । तर, भन्सारमा आइपुगेको कारमा नेपाल सरकारले एकैपटक १३० प्रतिशत कर बढाइदियो । त्यसपछि त्यो कार तीन वर्ष भन्सारमै रह्यो । सन् २००५ मा मात्रै त्यो भन्सार पास भयो र २००६ बाट काठमाडौंको सडकमा गुड्न थाल्यो ।

भारतको बैंग्लोरमा उत्पादन हुने गाडी त्यसबेला लोटस इनर्जीले नेपालमा ल्याएको थियो । सन् २०१० मा महिन्द्राले रेभालाई किन्यो र रेभा कार महिन्द्रा ईटुवो ब्रान्डमा उत्पादन हुन थाल्यो । महिन्द्राले सन् २०१३ देखि त्यो कार नेपालमा आयात गर्न थाल्यो । महिन्द्राले त्यो कारको उत्पादन अहिले बन्द गरिसकेको छ तर एक्सयुटी ४०० कार ईभी नेपालमा ल्याइरहेको छ । नेपालमा महिन्द्रा कार आयात गरिरहेको अग्नि इन्कर्पोरेटेडका प्रबन्ध निर्देशक क्याबिनेट श्रेष्ठ नेपालका लागि ईभीहरू व्यावहारिक हुने बताउँछन् ।

उनी पनि ईभीको प्रतिस्पर्धामा चिनियाँहरू अघि रहेको बताउँछन् । 'बीवाईडी प्रविधिमा निकै अघि बढ्यो, उसको प्रविधि राम्रो छ, अन्य धेरै चिनियाँ कम्पनीहरूले पनि यसमा काम गरिरहेका छन्', उनले भने ।

तर, विगतमा चीनमा हजारौं स्टार्टअपहरू ईभी उत्पादनमा भए पनि अब त्यो करिब डेढ सयमा झरिसकेकाले विस्तारै भरपर्दा ईभीहरू मात्रै नेपाल भित्रिने उनी बताउँछन् । महिन्द्राले भने एसयुभी सेग्मेन्टमा मात्रै गाडीहरू ल्याउने भएकाले त्यो बजार अरूले लेलान् कि भन्ने चिन्ता नरहेको श्रेष्ठको भनाइ छ । 'हाम्रो बजार नै छुट्टै हो', उनी भन्छन् ।

**बिक्रीपछिको सेवालाई ध्यान दिनुपर्छ**

विगतमा ईभीलाई सर्भिसिङ नै नचाहिने किसिमको मानसिकता रहेकोमा अब त्यो बदलिएको अग्निका प्रबन्ध निर्देशक श्रेष्ठ बताउँछन् । 'ईभीलाई पनि सर्भिस सेन्टर चाहिन्छ, मर्मत गर्नुपर्छ, ब्याट्रीको पनि मर्मत गर्नुपर्छ, त्यसो हुँदा बिक्रीपछिको सेवामा जसले राम्रो गर्छ, त्यही ब्रान्ड स्थापित हुन्छ', उनले भने । नेपालमा जलविद्युत्को उपलब्धता राम्रो रहेकाले पनि दीर्घकालमा ईभी नेपालका लागि राम्रो गाडी रहेको उनको भनाइ छ ।

*(स्रोतः अनलाइनखबर)*

# गुरुप्रसाद मैनालीको 'परालको आगो' कथामा फिल्म बन्ने



काठमाडौं/कथाकार गुरुप्रसाद मैनालीको कथासंग्रह 'नासो'मा सङ्गहित 'परालको आगो' कथामा आधारित भएर फिल्म निर्माण हुने भएको छ । मैनाली कथा पुरस्कार ट्रस्टको तर्फबाट कथाकार मैनालीका छोरा माधवप्रसादले निर्माता सुशील पोखरेलको कम्पनी हरिओम सिने मेकर्सलाई 'कथाको भाव र मर्म नबिग्रने गरी' फिल्म निर्माणका लागि मञ्जुरी दिएका छन् ।

लक्ष्मण सुनारको निर्देशनमा बन्न लागेको फिल्मलाई आगामी वर्षको दशैंमा रिलिज गरिने जनाइएको छ । आगामी फागुनदेखि फिल्मको छायांकनमा सुरु हुनेछ । यसअघि 'परालको आगो' कथामा ४५ वर्षअघि निर्देशक प्रताप सुब्बाले पनि फिल्म निर्माण गरेका थिए । यसपटक भने लोकेसन, प्रस्तुतिकरण र पटकथालाई फरक किसिमले प्रस्तुत गरिने निर्माता पोखरेलको भनाइ छ ।

'परालको आगो' कथामा दुई पात्र चामे र गौँथलीको झैँझगडालाई प्रस्तुत गरिएको छ । यो कथाकार मैनालीको सर्वश्रेष्ठ कथा हो । फिल्ममा सुशील देवकोटा लेखन, सुरेन्द्र रानाको शब्द रचना, सत्यराज आचार्य र स्वरुपराज आचार्यको संगीत तथा रामजी लामिछानेको कोरियोग्राफी रहनेछ । यसमा कलाकारहरु भने निश्चित भइसकेका छैनन् ।

निर्माता पोखरेलले यसअघि फिल्महरु 'मैदान', 'जीवनदाता', 'निगरानी', 'जय शिव शंकर', 'लभ सभ', 'राधे' र 'यात्रा' निर्माण गरिसकेका छन् । केही महिनाअघि उनले 'बन्दी' शीर्षकमा पनि फिल्म निर्माण गर्ने घोषणा गरेका थिए । तर, योभन्दा अघि उनले 'परालको आगो' बनाउने भएका छन् ।

# दीपक भन्छन्, 'महानायक पद न मैले दाबी गरेको थिएँ, न गर्नेछु'



काठमाडौं/केही वर्षअघि निर्देशक दीपाश्री निरौलाले एक अन्तर्वार्तामा 'महानायक (राजेश हमाल) हुनुहुन्छ र ?' भनेर दिएको अभिव्यक्तिले अहिलेसम्म पनि उनीमाथि गालीगलौज रोकिएको छैन । उनको त्यही अभिव्यक्तिका कारण धेरैले अभिनेता दीपकराज गिरीलाई कटाक्ष गर्दै 'महानायक' भन्ने गरेका छन् । अक्सर यो कटाक्ष उनले फेसबुकमा लेख्ने गरेका स्टाटसको कमेन्टमा देखिन्छ ।

तर, उनले अबदेखि आफूलाई 'महानायक' भन्नेलाई फेसबुकमा ब्लक गर्ने चेतावनी दिएका छन् । शुक्रबार दीपकराजले फेसबुक विचार राख्ने थलो भएकाले यसमा दुनियाँलाई नभइ आफूलाई मनपर्ने कुरा लेख्ने हो भनेर उल्लेख गरेको स्टाटसमा केहीले 'महानायक' भन्दै कटाक्ष गरेपछि उनले यसरी सम्बोधन गर्नेलाई आफ्नो फेसबुकमा निषेध गर्ने जनाएका हुन् ।

आफूले कहिल्यै 'महानायक' पद दाबी नगरेको उनको भनाई छ । उनी लेख्छन्, 'आजबाट ज-जसले मलाई 'महानायक' सम्बोधन गर्नुहुन्छ, उहाँलाई मेरो फेसबुकमा ब्लक गर्दैछु । यो पद न मैले कहिले दाबी गरेको थिएँ न गर्नेछु । तर, मैले बारम्बार भन्दा पनि भेडापन्थी देखाउने मानिस कमसेकम मेरो फेसबुकमा जोडिन सक्दैन । फरक विचार स्वागत, असभ्यता अस्वीकार ।'

दशैंमा आएको दीपकराज समूहको फिल्म 'छक्का पञ्जा ५'ले घरेलु बक्स अफिसमा आक्रामक व्यापार गरेको थियो । करिब २० करोडको व्यापार फिल्मले गरेको जानकारी प्राप्त छ । रिलिजपूर्व सामाजिक सञ्जालमा फिल्म बहिष्कार अभियान चलेको भए पनि बक्स अफिसमा त्यसको असर देखिएन । बरु अघिल्ला श्रृंखलाको भन्दा पनि व्यापारमा वृद्धि देखियो ।

# 'ह्रस्व दीर्घ'को हाउसफुल सुरुवात, नीता भन्छिन्, 'डर अझै अलि दिन रहला'

काठमाडौं/यस वर्षको सुरुवातदेखि जुन किसिमले नेपाली फिल्महरुले अनपेक्षित रुपमा व्यावसायिक सफलता हासिल गरिरहेका छन्, त्यो हेर्दा नेपाली फिल्मको दिन फिरेको देखिन्छ । गत बैशाखदेखि कात्तिक दोस्रो सातासम्म नेपाली फिल्मले एक अर्बमाथिको व्यापार गरिसकेका छन् । घरघरमा नेपाली फिल्मको चर्चा हुन थालेको छ । परिवार सहित फिल्म हेर्न हलमा आउने माहोल सिर्जना भएको छ । यो नेपाली फिल्मका लागि अद्भूत क्षण हो ।

यसपालिको दशैं र तिहार झन् नेपाली फिल्मका लागि अभूतपूर्व नै रह्यो । तिहारको 'पूर्ण बहादुरको सारङ्गी'ले अहिलेसम्म डंका पिटिरहेको छ । अब बक्स अफिसमा 'ह्रस्व दीर्घ'को जादू चल्ने छनक देखिएको छ । शुक्रबारबाट प्रदर्शनमा आएको फिल्मले कम शोका बाबजुद पनि पहिलो दिन राम्रो अकुपेन्सी हासिल गरेको छ । बिहानैदेखि फिल्मलाई प्राप्त कुनै शोमा दर्शक अभाव छैनन् ।

बिहानी शोमा देशभर ५० प्रतिशतसम्म अकुपेन्सी कायम गरेको फिल्मले दिउँसो ७० प्रतिशतसम्म पुर्‍यायो । साँझका धेरैजसो शोमा भने शतप्रतिशत नै अकुपेन्सी देखिएको छ । काठमाडौंसहित पोखरा, धरान, विराटनगर, नेपालगञ्ज, हेटौंडा, बुटवल, चितवन, दमक, इटहरी जस्ता ठूला सहरहरुमा शुक्रबार फिल्मले उत्साहप्रद व्यापार गरेको जानकारी प्राप्त छ ।

शुक्रबारको व्यापारिक ट्रेन्ड हेर्दा शनिबार फिल्मले बक्स अफिसमा आक्रामक व्यापार गर्ने निश्चित प्रायः छ । शनिबारका लागि उपलब्ध धेरैजसो शो हाउसफुल समेत भइसकेका छन् । शुक्रबारको व्यापारलाई मध्यनजर गर्दै केही मल्टीप्लेक्सहरुले शो पनि बढाएका छन् । तर, अझै फिल्मलाई पर्याप्त शो छैन । जसले गर्दा लगानी सुरक्षित गर्न फिल्मले ठूलै संघर्ष गर्नुपर्ने देखिन्छ ।

शुक्रबार बिहान फिल्मकर्मी र पत्रकारहरुका लागि फिल्मका निर्माताले काठमाडौंको बिग मुभिजमा विशेष शो आयोजना गरेका थिए । जहाँ बसुन्धरा भुसाल, दीपाश्री निरौला, गौरी मल्ल, किरण केसी, शिवहरी पौडेल लगायतको उपस्थिति थियो । उनीहरुले फिल्मको मेकिङदेखि कलाकारहरुको अभिनयको खुलेरै प्रशंसा गरे । विशेषगरी क्लाइमेक्समा अभिनेत्री विपना थापाले गरेको अभिनयले भावुक बनाएको प्रतिक्रिया सेलिब्रेटीहरुले दिएका थिए ।

एकातिर बिहानैदेखि फिल्म हाउसफुल हुनु र अर्कोतिर विशेष शोमा सेलिब्रेटीहरुबाट प्रशंसा मिल्दा फिल्मकी निर्मात्री तथा अभिनेत्री नीता ढुंगाना खुसी भावमा देखिइन् । उनले भनिन्, 'दर्शकलाई फिल्म मनपर्छ कि पर्दैन भन्ने उत्सुकता र डर थियो । तर, बिहानैदेखि देशभर फिल्म हाउसफुल भएको छ । दर्शकहरुले फिल्म मन परेको प्रतिक्रिया दिइरहनुभएको छ । डर अझै अलि दिन त रहला तर आत्मविश्वास भने पलाएको छ । दर्शकले फिल्म स्वीकार्नुभएको छ, त्यो कुरामा खुसी छु ।'

चन्द्र पन्तको निर्देशनमा तयार भएको फिल्ममा साउथबाट ब्रह्मानन्दम, प्रदीप रावत, सुनिल बर्मा, अली, कबीर दुहन सिंहसहित नेपाली कलाकारहरु विपना थापा, नीता ढुंगाना, हरिहर अधिकारी, सरोज खनाल, रेखा थापा, सञ्चिता लइँटेल, आदर्श मिश्र लगायतको अभिनय छ । फिल्मलाई भारतका कवीरलालले खिचेका हुन् । यसको निर्माण लागत ६ करोड रहेको जनाइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# प्रदेश हस्तकला विधेयक कार्यान्वयनमा जोड दिँदैछौं: सभापति श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, ३० कात्तिक/ बागमती प्रदेशका उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति आनन्दकुमार श्रेष्ठले बागमती प्रदेशमा बनेको प्रदेश हस्तकलाग्राम स्थापना तथा संचालनको सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयक २०८१ को कार्यान्यनका लागि आफूहरुले जोड दिइरहेको बताएका छन् ।



प्रदेशमा हस्तकलाका सामान उत्पादन हुने र देशभित्र र बाहिर जाने हुनाले यसको कानून बनाएर आफूहरुले कार्यान्वयनको चरणमा लगेको उनले बताए । जनपत्र मिडिया प्रा.लि. हेटौंडाको आयोजना तथा संसद सहयोग परि योजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को सहकार्यमा प्रदेश हस्तकलाग्राम स्थापना तथा संचालनको सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयक २०८१, को समितिमा छलफलपछि संशोधन गरी प्रदेश सभाबाट पारित भइ प्रदेशप्रमुखले प्रमाणिकरण गरेर राजपत्रमा प्रकाशित भएपछि यसक्षेत्रका सरकोकारवाला र पत्रकारलाई जानकारी गराउँदै उनले यस्तो कुरा बताएका हुन् ।

यो कानून कार्यान्वयनका लागि पाइलट प्रोजेक्टका रुपमा कार्यान्यनमा जान लागेको उनले बताए । मकवानपुर हस्तकला संघका संस्थापक अध्यक्ष ज्ञानभक्त लामाले हस्तकलाको क्षेत्रमा धेरै काम भएको र यसलाई फराकिलो रुपमा बुझ्नका लागि प्रदेश सरकार र सांसदलाई आग्रह गरे । हस्तकलाको क्षेत्रमा आफूले बिगत ५० वर्षदेखि काम गर्दै आएको तर, यसक्षेत्रमा राज्यले कुरा नबुझ्दा थप समस्या भएको उनले बताए ।

हस्ताकला संघका सल्लाहकार तथा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वसदस्य सर्मिला डंगोलले हस्तकलाका कारण विदेशमा चिनाउन सकिएकोले यसक्षेत्रमा सरकारले पनि ध्यान दिन जरुरी रहेको बताइन् । हस्तकलाको क्षेत्रमा थोरै लगानीबाट धेरै कामदार राखेर काम गर्दा थप रोजगारीको समेत सृजना भएकाले यसक्षेत्रमा सरकारीले कानूनमात्र बनाउने होइनकी काम गरिरहेकालाई प्रोत्साहनका कार्यक्रम पनि ल्याउनुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा बागमती प्रदेशसभाको उद्योग, पर्यटन तथा वातावरण समितिका सचिव राजु श्रेष्ठलगायतको सहभागिता थियो । कार्यक्रमबाट आएका सुझावलाई समेटेर तीन महले सुझाव लिखित रुपमा समितिलाई बुझाइएको थियो । त्यसपछि कानून पारित भएर प्रदेशको राजपत्रमा प्रकाशित भएको हो ।

# मंसिर ४ मा हेटौंडा रन हुने

साझाकुरा संवाददाता

हेटौंडा, ३० कात्तिक/ मंसिर पहिलो हप्ता हेटौंडामा तेस्रो संस्करणको 'हेटौंडा रन' दौड प्रतियोगिता हुने भएको छ । नगर खेलकुद विकास समिति हेटौंडा उपमहानगरपालिकाको आयोजनामा मंसिर ४ गते मंगलबार ५ किलोमिटरको दौड प्रतियोगिता हुने भएको हो ।

आयोजकले शुक्रवार हेटौंडामा पत्रकार सम्मेलन गर्दै प्रतियोगिताको तयारी पूरा भएको जनाएको छ । समिति अध्यक्ष र विन्द घिमिरेका अनुसार प्रतियोगितामा करिब ३ लाख रुपैयाँको खर्च हुने अनुमान गरिएको छ । दौडको विजेताले नगद २५ हजार, उपविजेताले १५ हजार र तृतीयले १० हजार रुपैयाँ नगद प्राप्त गर्नेछन् । प्रतियोगितामा सान्त्वना पुरस्कार ५ हजार, पाँचौं पुरस्कार ३ हजार र प्रोत्साहन पुरस्कार स्वरुप २ जनालाई ४ हजार रुपैयाँ प्रदान गरिने बताइएको छ ।

'प्रतियोगितामा हेटौंडाको १९ वटा वडाका धावकमात्र सहभागी हुन पाउनेछन् । हामीले यस वर्षदेखि खेलाडी उत्पादन गर्ने उद्देश्यले दौड आयोजना गरेका हौं' अध्यक्ष घिमिरेले आगामी वर्षबाट प्रतियोगिताको पुरस्कार राशीमा वृद्धि गरिने बताए । उनले धेरैभन्दा धेरै खेलाडी सहभागी होस् भन्ने उद्देश्यसाथ प्रतियोगिता हुने दिन विहानसम्म खेलाडी दर्ता गर्न सकिने व्यवस्था मिलाइएको बताए ।

हेटौंडाको बुद्धचोकबाट सुरु हुने दौड भैरवरोड, लक्ष्मी आधारभूत विद्यालय, सूर्यचोक, नवोदय, सत्यमचोक, थाहाचोक, सितलमहल चोक, ओमभवन हुँदै पुन: बुद्धचोकमा आएर समापन हुनेछ । प्रतियोगितालाई प्राविधिक सहयोग जिल्ला एथ्लेटिक्स संघ मकवानपुरले गरेको छ । पत्रकार सम्मेलनमा समितिका सदस्यद्वय सुनिल लोप्चन र विनोद राय तथा एथ्लेटिक्स संघ सचिव राजाराम पोखरेल लगायत सहभागी थिए । समितिले चालु आर्थिक वर्ष २०८१/८२ नीति तथा कार्यक्रम र बजेटमा समावेश भएको खेलकुदमध्ये पहिलो प्रतियोगिता आयोजना गर्न लागेको हो ।

# जनकल्याण मावि १३ स्वर्णसहित अग्रस्थानमा

साझाकुरा संवाददाता

हेटौंडा, ३० कात्तिक/ मकवानपुर थाहा नगरस्तरीय राष्ट्रपति रनिङशिल्ड छनौंट प्रतियोगितामा १३ स्वर्णसहित जनकल्याण माविले आग्रता लिएको छ । २९ कार्तिकबाट थाहानगरको इन्द्रायणीचौर खेलमैदानमा सुरु भएको प्रतियोगितामा इअन बोर्डिङ, बज्रवाराही मावि र सुनौला माविले १/१ स्वर्णपदक हात पारेको थाहा नगरपालिका शिक्षाशाखाले जनाएको छ ।

त्यसैगरी रजतपदक प्राप्त गर्नेहरुमा झम्केश्वरी मावि र सुनौला मावि सँगसँगै छन् । उनीहरुले ४/४ रजतपदक पाएका छन् । बागेश्वरी माविले ३, जनकल्याण र नाट्यश्वरले २/२ र मत्स्यनारायण माविले १ रजतपदक पाएका छन् ।

काश्यपदक पाउने विद्यालयमा जनकल्याण मावि अग्रस्थानमा छ । जनकल्याणले ६ काश्यपदक पाउँदा बागेश्वरी माविले ३, सुनौला मावि र झम्केश्वरी माविले २/२ तथा नाटेश्वर मावि, इअन बोर्डिङ, र बज्रवाराही माविले १/१ काश्यपदक पाएका छन् ।

# ट्राफिक प्रहरीलाई प्रदेश सरकारबाट स्मार्टफोन हस्तान्तरण



साझाकुरा संवाददाता

हेटौंडा, ३० कात्तिक/ बागमती प्रदेश सरकारले उपत्यका ट्राफिक प्रहरीका लागि स्मार्टफोन हस्तान्तरण गरेको छ । डिजिटल सवारीचालक अनुमतिपत्र (लाइसेन्स) नियमनका लागि स्मार्टफोन हस्तान्तरण गरिएको हो ।

प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्रालयको आयोजनामा शुक्रबार ललितपुरमा आयोजित कार्यक्रममा मुख्यमन्त्री बहादुरसिंह लामा, श्रम रोजगार तथा यातायातमन्त्री प्रेमभक्त मजर्हनले प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरलाई स्मार्टफोन हस्तान्तरण गरे । मन्त्रालयका सचिव बलराम निरौलाले पाँच सयवटा स्मार्टफोन उपलब्ध गराएको जानकारी दिए । उपत्यका ट्राफिकका लागि थप फोनसेट क्रमश: उपलब्ध गराउँदै जाने पनि उनले बताए ।

बागमती प्रदेशभित्र साढे आठ लाख लाइसेन्स वितरण नै हुन नसकेको उल्लेख गर्दै मन्त्री महर्जनले लाइसेन्स डिजिटलाइजेसनले सेवाग्राहीलाई सुविधा पुगेको बताए । नागरिक एप्समा लाइसेन्स नम्बर राख्नासाथ डिजिटल लाइसेन्स उपलब्ध हुने र त्यसलाई आधिकारिक लाइसेन्स मानिने व्यवस्था गरिएको उनको भनाइ छ ।

सो अवसरमा प्रहरी महानिरीक्षक कुँवरले प्राप्त स्मार्टफोनले लाइसेन्स जाँच र इ-चलानको सेवाप्रवाह प्रभावकारी पार्न मद्दत पुग्ने बताए । त्यसैगरी, मुख्यमन्त्री लामाले सवारीचालक अनुमतिपत्र बोकेर हिँड्नुपर्ने बाध्यता सरकारले हटाएको बताए ।

# असोज बाढीबाट अर्थतन्त्रमा साढे ४६ अर्ब बराबर क्षति

काठमाडौं, ३० कात्तिक/ गत असोज दोस्रो साता आएको अविरल वर्षा र बाढी-पहिरोका कारण अर्थतन्त्रमा साढे ४६ अर्ब रुपैयाँ बराबर आर्थिक क्षति भएको प्रारम्भिक अध्ययनले देखाएको छ ।



राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गरेको बाढी-पहिरोको प्रारम्भिक हानि तथा क्षति मूल्यांकनबाट ४६ अर्ब ६८ करोड ४३ लाख १८ हजार ५ सय ५० रुपैयाँ बराबर क्षति भएको देखिएको हो । प्राधिकरणले भौतिक पूर्वाधार, निजी आवास, विद्यालय, अस्पताल, कृषि तथा पशुपन्छी र सिँचाइमा उक्त रकम बराबर आर्थिक क्षति भएको अनुमान गरेको छ ।

विज्ञका अनुसार यो क्षतिले मुलुकको अर्थतन्त्र विस्तारमै असर गर्ने गर्छ । मनसुनको अन्त्यतिर आएको बाढीले २ सय ४९ जनाको ज्यान लिएको थियो । १८ जना अझै बेपत्ता छन् । १ सय ७७ घाइते भएका थिए ।

**पूर्वाधारमा ३९ अर्ब क्षति**

प्राधिकरणका अनुसार बाढी-पहिरोका कारण पूर्वाधार क्षेत्रमा मात्र ३९ अर्ब रुपैयाँ बराबर क्षति भएको देखिएको छ । बाढीले देशभरि ४४ पुलमा क्षति गरेको थियो । जसको आर्थिक क्षति १ अर्ब ४ करोड बराबर छ ।

त्यस्तै दूरसञ्चारका ४ सय ४६ संरचनामा क्षति पुगेको छ । जसको आर्थिक क्षति १५ करोड २३ लाख बराबर देखिन्छ । खानेपानी र सरसफाइमा १ हजार ६ सय ७८ संरचनामा क्षति पुगेको छ । जसको क्षति ५ अर्ब ९० करोड ६० लाख बराबर छ । जलविद्युतका २६ संरचनाको क्षति हुँदा ३ अर्ब १ करोड बराबर छ ।

त्यसैगरी सडकमा २ अर्ब ७९ करोड बराबर क्षति पुगेको देखिएको छ । देशभरि सडकमा ४१ स्थानको संरचनामा क्षति पुगेको प्राधिकरणले जनाएको छ । सार्वजनिक यातायाततर्फ ८४ संरचनामा ७२ करोड बराबर क्षति पुगेको प्राधिकरणको तथ्यांक छ । सार्वजनिक भवनमा ९ करोड ५० लाखसहित पूर्वाधारमा कुल ३८ अर्ब ९२ करोड रुपैयाँ बराबर क्षति पुगेको छ ।

**निजी आवासमा कति क्षति ?**

असोज बाढीबाट देशभरि ५ हजार ९ सय ९६ घरमा पूर्ण तथा १३ हजार ४९ मा आंशिक क्षति पुगेको तथ्यांकमा छ । बाढी र पहिरोले १० हजार ८ सय ७ जनाले घर गुमाएका छन् । बाढीबाट १६ हजार २ सय ४१ जना प्रभावित भएका छन् । त्यस्तै स्वास्थ्य क्षेत्रका ६ संरचनामा पूर्ण र ३३ मा आंशिक क्षति पुगेको छ । जसको आर्थिक क्षति २ करोड १७ लाख बराबर छ । शिक्षातर्फ ६ भवनमा पूर्ण र १ सय ३६ संरचनामा आंशिक क्षति पुगेको तथा यसको आर्थिक भार ७ करोड २ लाख रुपैयाँ बराबर छ ।

**कृषिमा कति ?**

बाढी र पहिरोले कृषि क्षेत्रमा ५ अर्ब ८८ करोड २८ लाख बराबर क्षति भएको देखिएको छ । सिँचाइमा १ अर्ब ३५ करोड बराबर क्षति भएको देखिएको छ ।

# नेपालको बिजुली शुक्रबारदेखि बंगलादेश निर्यात सुरु

काठमाडौं, ३० कात्तिक/ नेपालले शुक्रबारदेखि बंगलादेशमा बिजुली निर्यात सुरु गरेको छ । भारतको केन्द्रीय विद्युत् प्राधिकरणले अनुमति दिएसँगै भारतको बाटो हुँदै नेपालको बिजुली बंगलादेश निर्यात हुन थालेको हो ।



उर्जामन्त्री दिपक खड्का, भारतका विद्युत् मन्त्री मनोहरलाल खट्टर र बंगलादेशका उर्जा जलस्रोत मन्त्रालयका सल्लाहकार (मन्त्री) मोहमद फजुल कबिरले भर्चुअल माध्यमबाट बंगलादेश विद्युत् निर्यातको औपचारिक सुरुवात गरेका हुन् ।

शुक्रबारदेखि ४० मेगावाट बिजुली बंगलादेश निर्यात हुन थालेको हो । यो याममा एक दिन मात्र अर्थात् शुक्रवार राती १२ बजेसम्म मात्रै बिजुली निर्यात हुनेछ ।

नेपालबाट भारतको बाटो हुँदै ४० मेगावाट विद्युत् बंगलादेश निर्यात गर्ने विषयमा तीन देशका कम्पनीबीच १७ असोजमा सम्झौता भएको थियो । विद्युत् निर्यात गर्न भारतको आधिकारिक निकायको अनुमति आवश्यक पर्ने सम्झौतामै उल्लेख छ ।

सुरुमा १६ कात्तिकदेखि विद्युत् निर्यात गर्ने मौखिक सहमति तीन देशका कम्पनीबीच भएको थियो । त्यसबेलासम्म प्राधिकरणको अनुमति प्राप्त नभएपछि त्यसलाई सारेर २३ कात्तिक शुक्रबारदेखि निर्यात सुरु गर्ने योजना बनेको थियो ।

त्रिदेशीय सम्झौतामा नेपालले १५ जुनदेखि १५ नोभेम्बर सम्म ४० मेगावाट विद्युत बंगलादेश निर्यात गर्नेछ । ऊर्जामन्त्री खड्काले भारत भ्रमणका बेला बंगलादेश विद्युत् निर्यात अनुमति दिने विषयमा भारतीय विद्युतमन्त्री खट्टरसँग छलफल गरेका थिए ।

हालसम्म नेपालले भारतको बजारमा मात्रै विद्युत् निर्यात गरिरहेकोमा १७ असोजमा भएको सम्झौतापछि तेस्रो मुलुक निर्यातको बाटो खुलेको थियो ।

भारतको विद्युत मन्त्रालय अन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले त्रिशूली र चिलिमे जलविद्युत आयोजनाबाट उत्पादित क्रमश: १८.६० र २१.४० गरी ४० मेगावाट विद्युत् बंगलादेशतर्फ निर्यातका लागि बिहीबार स्वीकृति दिएको थियो ।

केन्द्रीय विद्युत प्राधिकरणले दुई आयोजनाहरुबाट उत्पादित ४० मेगावाट विद्युत् सन् २०२९ अक्टोबर २ सम्म बंगलादेश निर्यात स्वीकृति दिएको हो । यी दुवै भारतमा विद्युत निर्यातका लागि स्वीकृति पाइसकेका आयोजनाहरुसमेत हुन् ।

नेपाल विद्युत प्राधिकरणले वर्षायामको ६ महिना अर्थात हरेक वर्षको जुन १५- नोभेम्बर १५ सम्म पाँच वर्ष ४० मेगावाट विद्युत् अमेरिकी डलरमा बंगलादेशलाई बिक्री गर्नेछ ।

नेपाल विद्युत् प्राधिकरणले प्रतियुनिट करिब ८ रुपैयाँ ६४ पैसा (६.४ अमेरिकी सेन्ट) का दरले बंगलादेशलाई विद्युत् निर्यात गर्ने सम्झौतामा उल्लेख छ । बंगलादेश विद्युत् निर्यात गर्दा भारतको एनटीपसी विद्युत् व्यापार निगम लिमिटेड (एनभीभीएन) को प्रसारण लाइन प्रयोग गरेबापत 'ह्विलिङ चार्ज' बंगलादेशी कम्पनीले तिर्ने छ ।

नेपालबाट निर्यात हुने विद्युतका लागि भारत मुजफ्फरपुरमा मिटर राखिने र त्यसैमा बंगलादेशमा निर्यात भएको विद्युत् रेकर्ड हुने पनि सम्झौतामा छ । त्यहाँसम्मको प्राविधिक नोक्सानी भने प्राधिकरणले नै बेहोर्ने छ ।

मुजफ्फरपुरबाट बंगलादेश सीमाको प्राविधिक नोक्सानी पनि बंगलादेशी पक्षले नै तिर्ने सम्झौता छ । यसअनुसार नेपालले ६.४ सेन्टमा बेच्ने बिजुलीको भाउ बंगलादेश पुग्दा प्रतियुनिट करिब ७.६ सेन्ट पुग्ने अनुमान छ ।

भारतबाट भने बेहरमपुर (भारत)-भेडामारा (बंगलादेश) ४ सय केभी प्रसारण लाइन हुँदै बंगलादेशले विद्युत् आपूर्ति लिनेछ । हाल भारतको एनभीभीएनबाट बंगलादेशले सोही प्रसारण लाइन हुँदै विद्युत् आयात गरिरहेको छ ।

नेपालले १० हजार मेगावाट विद्युत भारत र ५ हजार मेगावाट बंगलादेशलाई निर्यात गर्ने लक्ष्य राखेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# एनपीएलको खेल तालिका दुई दिनमा सार्वजनिक हुने,





काठमाडौं, ३० कात्तिक/ नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको खेलतालिका दुई दिन भित्र सार्वजनिक हुने भएको छ ।

शुक्रबार काठमाडौंमा आयोजित टाइटल स्पोनर र ब्रोडकास्ट पार्टर घोषणा कार्यक्रममा नेपाल क्रिकेट संघ (क्यान) का सचिव पारस खड्काले दुई दिनभित्रै खेलतालिका सार्वजनिक गर्ने जानकारी दिए । 'हाम्रो योजना अनुसार हामी अबको दुई दिन भित्र एनपीएलको खेलतालिका सार्वजनिक गर्नेछौं ।'

एनपीएलको पहिलो संस्करण मंसिर १५ देखि पुष ६ गतेसम्म काठमाडौंमा आयोजना हुँदैछ । जसमा ८ फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्नेछन् । अहिले लिगको तयारी तिव्र भइरहेको छ । मंसिर १६ गते काठमाडौं सहित विभिन्न स्थानमा उपनिर्वाचन छ । निर्वाचनका दिन कुनै खेल नहुने पनि सचिव खड्काले बताए ।

'मंसिर १६ गते कुनै खेल हुँदैन । १६ गतेका लागि सिडियोसँग कुरा गरिसकेका छौं । नेपालको कानुन र निर्वाचन आचारसंहिता हुन्छ त्यसलाई मध्यनजर गर्दै त्यो दिन खेल हुँदैन । प्रशासनसँग नजिकबाट सहकार्य गरेर म्याच गर्दैनौं । संयोगवस त्यो दिन निर्वाचन कीर्तिपुरमै रहेछ ।' उनले खेल नहुने बारे प्रष्ट पारे ।

# डिजिटल लाइसेन्स नियमनका लागि ट्राफिक प्रहरीलाई ४०८ थान स्मार्टफोन

काठमाडौं, ३० कात्तिक/ डिजिटल सवारी चालक अनुमति पत्र (लाइसेन्स)को नियमनको लागि ट्राफिक प्रहरीलाई ४०८ थान स्मार्टफोन हस्तान्तरण गरिएको छ । बागमती प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालयको आयोजनामा होटल गुडविल कनिबहाल ललितपुरमा शुक्रबार आयोजित कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरलाई उक्त स्मार्ट फोन हस्तान्तरण गरेका हुन् ।



मुख्यमन्त्री लामाले हस्तान्तरण गरिएका स्मार्ट फोनबाट प्रभावकारी यातायात व्यवस्थापनमा सहयोग पुग्ने बताए । नागरिकको गुनासोलाई सम्बोधन गरी आगामी दिनमा ट्राफिक प्रहरीको काम कारवाहीलाई थप प्रभावकारी बनाउँदै लैजान आवश्यक समन्वय गर्दै जाने उनले बताए ।

आईजी कुँवरले सीमित स्रोत साधनको अधिकतम सदुपयोग गर्दै प्रभावकारी ट्राफिक व्यवस्थापन गर्दै आइरहेको नेपाल प्रहरीलाई आज हस्तान्तरण भएका स्रोत साधनहरू अत्यन्तै उपयोगी सिद्ध हुने विश्वास लिएको बताए ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



- ☞ अनलाइन फर्म भर्ने सुविधा ।
- ☞ रोड टेस्ट गराइन्छ ।
- ☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- ☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- ☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७



## कर्मचारी आवश्यकता

यस सहकारी संस्थाका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता भएकोले योग्यता पुगेका नेपाली नागरिकले सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तह** : ४ (चौथो)
**पद** : कार्यालय सहायक
आवश्यक संख्या : १ जना
**शैक्षिक योग्यता** : न्यूनतम, +२ (व्यवस्थापन संकाय, विज्ञान संकार्य वा अर्थशास्त्र, गणित वा कम्प्युटर मुख्य विषय लिई +२ उत्तिर्ण वा कुनै पनि संकायमा +२ प्रथम श्रेणीमा उत्तीर्ण)
**उमेर** : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
**आधारभूत तलब** : रु. २१,२७५।००
**भत्ता** : रु. १,०००।०० + रु. ५,०००।०० एक हजार शुरुबाट नै पाउने (बाँकी परीक्षण काल पछि)
**अन्य सुविधा** : एक महिनाको तलब मेडिकल सुविधा, एक महिनाको दशै र नाफाको आधारमा बोनस परीक्षण काल पछि
**परीक्षण काल** : १ वर्ष
**विशेष क्षमता** : कम्प्युटर डिप्लोमा हुनुपर्ने, Word, Excel तथा Power point मा राम्रो क्षमता भएको ।
**पेश गर्न पर्ने कागजात** : शैक्षिक योग्यताको प्रमाण पत्र, चारित्रिक प्रमाण-पत्र, नागरिकता र तालिमको पमाण-पत्र
**परीक्षाको किसिम** : लिखित, मौखिक तथा प्रयोगात्मक
**दरखास्त खुल्ला मिति** : २०८१।०७।२८
**दरखास्त अन्तिम मिति** : २०८१।०८।१२ कार्यालय समय भित्र
**लिखित परीक्षा** : २०८१।०८।१४
**मौखिक तथा प्रयोगात्मक** : २०८१।०८।१५
**नतिजा प्रकाशन** : २०८१।०८।१६
**परीक्षा दस्तुर** : रु. १०००।००

**साइराम बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौडा-२ संगमचोक देवीपथ
सम्पर्क नं. : ९८४५२८८३२४


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना